जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २६ • अंक २९२ • २०८१ साल चैत ०७ गते बिहीबार (20 March, Thursday, 2025) • पृष्ठ ८ • मूल्य रु. ५।-

## आजदेखि एसईई परीक्षा शुरु

# मधेश प्रदेशबाट ८८ हजारभन्दा बढी परीक्षार्थी सहभागी

**टुडे समाचारदाता**

जनकपुरधाम । माध्यमिक शिक्षा परीक्षा (एसइई)को सम्पूर्ण तयारी पूरा भएको राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालयले जनाएको छ।

परीक्षा नियन्त्रण कार्यालय कक्षा-१० का परीक्षा नियन्त्रक नन्दलाल पौडेलले जनाएअनुसार बिहीबार बिहान ८ बजे देशभर एकैसाथ शुरु हुने एसईई परीक्षाको सम्पूर्ण तयारी पूरा भएको छ। बोर्डले परीक्षाका लागि प्रश्नपत्र, सिम्बोल नम्बर, उत्तरपुस्तिका र अन्य सामग्री प्रत्येक जिल्लामा पुगिसकेको जनाएको छ।



यसवर्षको एसईई परीक्षामा पाँच लाख १४ हजार ७१ जना विद्यार्थी सहभागी हुँदैछन् । जसमध्ये मधेश प्रदेशबाट ८८ हजार ८५८ जना विद्यार्थी सहभागी हुने छन् ।

कार्यालयले एसइई परीक्षाका लागि देशभर दुई हजार ७९ परीक्षा केन्द्र निर्धारण गरेको जनाएको छ। परीक्षामा एक सय ५० जनासम्म परीक्षार्थी भएको केन्द्रमा एक जना सहायक केन्द्राध्यक्ष हुने छन् भने २० जना विद्यार्थी बराबर एक जना निरीक्षक खटिने भएका छन्। परीक्षामा ७५ जनाभन्दा कम परीक्षार्थी भएको केन्द्रमा सहायक केन्द्राध्यक्ष नराखिने जनाइएको छ।

यस पटकको एसईईमा बाल सुधार केन्द्र र कारागार गरी तीनवटा विद्यालय बाहिरका केन्द्र निर्धारण गरिएको छ । परीक्षा नियन्त्रक पौडेलले काठमाण्डु र दैलेखका दुई कारागार तथा भक्तपुरको बाल सुधार गृहबाट विद्यार्थीलाई परीक्षा दिने व्यवस्था पनि गरिएको बताए।

यस्तै यसपाली कीर्तिपुरस्थित सफलता एचआईभी शिक्षा सदनबाट पनि विद्यार्थी सहभागी हुने भएका छन् भने यहाँबाट चार जना एचआईभी सङ्क्रमित विद्यार्थीले एसईई परीक्षा दिने छन् । परीक्षा चैत ७ गतेदेखि शुरु भएर १९ गते सकिने भएको छ भने परीक्षा बिहान ८ बजेदेखि बिहान ११ बजेसम्म हुनेछ। परीक्षा तालिकानुसार पहिलो दिन अनिवार्य अंग्रेजी विषय, संस्कृत वेदविद्याश्रमतर्फ अनिवार्य संस्कृत र मदरसातर्फ अनिवार्य अरबी भाषाको परीक्षा हुनेछ।

चैत ८ गते अनिवार्य नेपाली विषय, गैरनेपाली विद्यार्थीहरूका लागि अंग्रेजी (इलेक्टिभ इङ्लिस, चैत १० गते अनिवार्य गणित र चैत १२ गते अनिवार्य विज्ञान तथा प्रविधि एवं संस्कृततर्फ शुक्लयजुर्वेद सामवेद, अथर्ववेद, नीतिशास्त्रलगायत विषयको परीक्षा हुनेछ। १३ गते अनिवार्य सामाजिक, १४ गते ऐच्छिक प्रथम, १५ गते ऐच्छिक द्वितियको परीक्षा हुनेछ।

लेटर ग्रेडिङ प्रणालीमै यसवर्ष पनि परीक्षाको नतिजा सार्वजनिक गर्न तयारी गरिएको छ भने चैत १९ गतेसम्म सञ्चालन परीक्षाको नतिजामा उत्तीर्ण दरमा ७० प्रतिशत पुऱ्याउने लक्ष्य रहेको जनाइएको छ। २०८० सालको एसईईमा ४८ प्रतिशत मात्रै विद्यार्थी उत्तीर्ण भएको थियो।

गतवर्ष २०८० को एसईई परीक्षामा चार लाख ६४ हजार ७८५ परीक्षार्थी सहभागी भएका थिए।


Divya Drishti Academy

**Vacancy Announcement**

If you are a competent promising and passionate teacher waiting to have a leapfrog in your career, forward your credentials along with your latest CV at our Email (divyadristiacademy@gmail.com) or visit physically by 14th of chaitra 2081.

**Teaching Staffs**

| SN | Subject | Level | Number | Min. Qualification |
|---|---|---|---|---|
| 1. | Maths | Basic | 1 | I.Sc. or equivalent |
| 2. | Science | Basic | 2 | I.Sc. or equivalent |
| 3. | Nepali | Basic | 2 | B.Ed. in Nepali |
| 4. | English | Basic | 3 | B.Ed. in English |
| 5. | Computer | Basic | 2 | Diploma in Computer |
| 6. | Tuitors | Pre Primary | 5 | +2 with montessori training |
| 7. | ECA (Cricket/karate) | | 2 | as per requirement |
| 8. | Music /Dance | All | 1 | as per requirement |

**Non-Teaching Staffs**

| SN | Post | Number | Min Qualification |
|---|---|---|---|
| 1. | Staff Nurse | 1 | PCL Nursing |
| 2. | Receptionist | 2 | +2 with computer skils |
| 3. | Security Guard | 2 | as per requirement |

No constraints of salary for the deserving candidate.. Only shortlisted candidates will be called for the further selection process.

Date of Interview : 15th of Chaitra 2081

DIVYA DRISHTI ACADEMY
Gaur-9, Rautahat (Near Nursing Campus)

Contact Details :
9840011571 /9813342131
divyadrishtiacademy2072@gmail.com







# महेन्द्र विन्देश्वरीको स्ववियु सभापतिमा रञ्जीत निर्वाचित

**टुडे समाचारदाता**

राजविराज । राजविराजस्थित महेन्द्र विन्देश्वरी बहुमुखी क्याम्पसको स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) सभापतिमा रञ्जीत यादव निर्वाचित भएका छन् । नवनिर्वाचित यादव तीन सय ९३ मत प्राप्त गरी प्यानलसहित विजयी भएका छन् । उनले समाजवादी विद्यार्थी युनियन नेपाल र अखिल क्रान्तिकारीका संयुक्त उम्मेदबार हुन् ।




उनले स्वतन्त्र उम्मेदवार विनय यादवलाई ६१ मतान्तरले पराजित गर्दै सभापति पदमा निर्वाचित भएका छन् । उनी पुनः दोहोरीएका छन् । विनय तीन सय ३२ मत ल्याई दोस्रो र अनेरास्ववियुका मनिषा कुमारी साहले तीन सय ३१ मत ल्याएर तेस्रो भएकी छन् ।

त्यस्तै सचिवमा समाजवादी विद्यार्थी युनियन नेपाल र अखिल क्रान्तिकारीका संयुक्त गठबन्धनबाट मुकेशकुमार साह तीन सय ९५ मत र कञ्चन कुमारी ठाकुर ४ सय १० मत प्राप्त गरी कोषाध्यक्षमामा निर्वाचित भएका छन् ।

साहले तीन सय ९५ मत पाउँदा उहाँका निकटतम प्रतिद्वन्द्वी अजय यादवले तीन सय २४ मत प्राप्त गरेका छन् । यसैगरी ठाकुरले चार सय १० मत प्राप्त गरी निर्वाचित हुँदा उनका निकटतम प्रतिद्वन्द्वी मो.अबुजर आलमले दुई सय ९५ मत प्राप्त गरेका छन् ।

मंगलबार भएको निर्वाचनमा कुल दुई हजार ७ सय ३१ मत रहेकोमा एक हजार २ सय ७२ मतदान भएको थियो ।

# एकीकृत समाजवादीद्वारा बैठक आह्वान

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)ले समाजवादी अभियानका नीति तथा कार्यक्रम अनुमोदन गराउन यही चैत १० गतेभित्र मातहतका सबै कमिटीका बैठक गर्न आह्वान गरेको छ ।

सुशासन, रोजगारी, समृद्धिलगायत सामाजिक रुपान्तरणका लागि सुरु गरेको समाजवादी अभियानलाई देशभर प्रभावकारी रूपमा सञ्चालन गर्न सबै कमिटीबाट कार्यक्रम अनुमोदन गराउन बैठक आह्वान गरिएको हो । अभियान यही चैत २ देखि आगामी वैशाख २२ गतेसम्म जारी रहने छ ।

काठमाडौँ, ललितपुर र भक्तपुर पार्टी जिल्ला कमिटीहरूको संयुक्त बैठक बुधबार पार्टी केन्द्रीय कार्यालयमा राखिएको छ । केन्द्रीय मोर्चा सङ्गठनको बैठक यही चैत ७ गते बोलाएको छ । पार्टी केन्द्रीय कार्यालय, आलोकनगरमा ३:०० बजे बस्ने बैठकले यही चैत १५ गते समाजवादी मोर्चाको आयोजनामा काठमाडौँमा हुने विरोध प्रदर्शन तथा आमसभाको तयारी, व्यवस्थापन तथा अधिकतम जनसहभागिता गराउने विषयमा छलफल गर्ने पार्टी केन्द्रीय प्रचार विभाग उपप्रमुख दामोदर अर्यालले जानकारी दिनुभयो ।

बैठकमा मातहत कमिटीलाई सङ्गठन सुदृढीकरण तथा पार्टीलाई सक्षम, सबल र विश्वसनीय बनाउन रणनीति तयार गरिने जनाइएको छ । राजनीतिक अभियान अनुमोदन भएपछि वडा, गाउँ, प्रदेश र केन्द्रमा कार्यक्रमका रूपमा लैजाने तयारी छ । पार्टी काठमाडौँ उपत्यका प्रदेश कमिटीको बैठक यही चैत ८ गते आह्वान गरिएको छभने पार्टी सम्पर्क प्रदेश कमिटीको बैठक चैत ९ गते बोलाइएको छ ।रासस

# ओली नेतृत्वको सरकार र संविधान दुवै असफल भइसकेको दाबी

**टुडे समाचारदाता**

जनकपुरधाम । आम जनता पार्टी (आजपा) का अध्यक्ष प्रभु साहले प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकार र संविधान दुवै असफल भइसकेको दाबी गरेका छन् ।



आजपाको बसेको पदाधिकारी बैठकलाई सम्बोधन गर्दै पूर्वमन्त्रीसमेत रहेका अध्यक्ष साहले सरकार र संविधान दुवै असफल भइसकेको बताउँदै नागरिकको सर्वोच्चता सहितको व्यवस्थाका लागि पार्टीद्वारा घोषित तेस्रो जनआन्दोलन सफल बनाइनुपर्ने बताए ।

नेता साहले भने, 'सरकार सबै मोर्चामा असफल भइसकेको छ । प्रधानमन्त्री केपी शर्मा ओली सहित बहुमत मन्त्रीहरू कार्यसम्पादन मूल्याङ्कनमा असफल सक्नुभएको छ । आफ्नै मूल्यांकनमा सरकार असफल भइसकेको छ। जनताको चाहना र आवश्यकता सम्बोधन गर्न सकेको छैन,' अध्यक्ष साहले भने, 'हामीले घोषणा गरे अनुसार नागरिकको सर्वोच्चता सहितको तेस्रो जनआन्दोलनलाई सशक्त र सफल बनाउन सबै एकजुट भएर अगाडि बढ्नुको विकल्प छैन ।'

आगामी चैत २४ गते आजपाले काठमाण्डुमा खबरदारी सभाका साथै विरोध प्रदर्शन गर्दैछ । त्यसैको पूर्वसन्ध्यामा बसेको पदाधिकारी बैठकमा आजपा अध्यक्ष साहले आन्दोलनलाई कसरी व्यवस्थित र प्रभावकारी रूपमा अगाडी बढ्ने बारेमा बृहत छलफल आवश्यक रहेको बताए ।

गतबर्ष नै तेस्रो जनआन्दोलनको आह्वान गरेका अध्यक्ष साहले वर्तमान संविधान र सरकारकै कारण अहिले मुलुकमा संकट आएको टिप्पणी गर्दै अहिलेको व्यवस्थाको खारेजीका लागि तेस्रो जनआन्दोलन आवश्यक रहेको बताए ।

# परराष्ट्रमन्त्रीद्वारा फिलिपिन्स र जर्जियाका विदेशमन्त्रीसँग छुट्टाछुट्टै भेटवार्ता

काठमाण्डु । परराष्ट्रमन्त्री डा आरजु राणा देउवाले जर्जियाकी विदेशमन्त्री माका बोचोरिसभिली र फिलिपिन्सका विदेशमन्त्री एनरिक ए.मनालोसँग आज नयाँ दिल्लीमा छुट्टाछुट्टै द्विपक्षीय भेटवार्ता गर्नुभएको छ ।




भारतीय विदेश मन्त्रालयद्वारा नयाँ दिल्लीमा आयोजित राइसिना डायलग कार्यक्रमका लागि त्यहाँ रहनुभएका उहाँहरुबीच बुधबार बिहान सो भेटवार्ता भएको हो । ती भेटका क्रममा आपसी हित र द्विपक्षीय चासोका विविध विषयमा कुराकानी भएको परराष्ट्रमन्त्रीको निजी सचिवालयले जनाएको छ ।

त्यस भेटका अवसरमा मन्त्री डा राणाले जर्जियाकी विदेशमन्त्री बोचोरिसभिलीसँग नेपालले आगामी सन् २०२७ देखि २०२९ सम्म संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्को अस्थायी सदस्यमा उम्मेदवारी दिएकाले सहयोगका लागि आग्रह गर्नुभयो ।

साथै मन्त्री डा राणाले कृषि, जलविद्युत्, पूर्वाधार निर्माण, पर्यटन क्षेत्रको विकासका नेपाल र जर्जियाबीच संयुक्त लगानी तथा साझेदारी गर्न सकिने सम्भावनाका विषयमा पनि कुराकानी गर्नुभएको थियो । साथै नेपालले पछिल्लो समयमा जलवायु परिवर्तनका कारण उत्पन्न अकल्पनीय समस्याहरुको सामना गरिरहेको जानकारी दिँदै नेपालले जलवायु न्यायका लागि अन्तरराष्ट्रिय मञ्चहरुमा उठाउँदै आएका आवाजमा जर्जियाको पनि साथ र सहयोग अपेक्षित रहेको मन्त्री डा राणाले बताउनुभएको थियो ।

त्यसैगरी मन्त्री डा राणाले फिलिपिन्सका विदेशमन्त्री एनरिक ए मनालोसँग नेपाल र फिलिपिन्स जलवायु परिवर्तनका कारण उत्तिकै समस्यामा परेकाले यसको असर कम गर्नका लागि आगामी दिनमा मिलेर काम गर्न सकिने बताउनुभएको थियो । फिलिपिन्स र नेपालका बीचको आपसी सम्बन्धका साथै आर्थिक साझेदारी र सामूहिक सहकार्यका विषयमा सो भेटका अवसरमा कुराकानी भएको थियो ।रासस

# कमला-कञ्चनपुर सडक निर्माण कार्यमा सामग्री अभाव

**टुडे समाचारदाता**

लहान । सिरहाको कमलादेखि सप्तरीको कञ्चनपुरसम्म निर्माणाधीन चार लेन राजमार्गको कामले गति लिए पनि सामग्रीको अभावले निर्माण कार्यमा समस्या उत्पन्न भएको छ । सरकारले पुनः एक वर्ष म्याद थपिदिएपछि निर्माण कम्पनीले पश्चिम खण्डमा चैत २ गतेदेखि कामको गति बढाएको थियो ।



सो राजमार्ग निर्माणका लागि चाइना रेलवे नम्बर २ इन्जिनियरिङ ग्रुपले २०७७ कार्तिक १३ मै १५ अर्ब ६६ करोड रुपैयाँमा ठेक्का पाएको थियो । पश्चिम र पूर्व गरी दुई खण्डमा बाँडेर राजमार्ग निर्माणको कार्य चलिरहेको छ । जसअनुसार पश्चिम खण्डमा सिरहाको कमलादेखि सप्तरीको कुसहासम्म ४७.४० किलोमिटर पर्छ भने पूर्व खण्डमा कुसहादेखि कञ्चनपुरसम्म ३९.४२ किलोमिटर पर्छ । सरकारसँग भएको सम्झौताअनुसार कुल ८६.८२ किलोमिटरको यो राजमार्ग २०८० कार्तिक ११ भित्रै निर्माण भइसक्नुपर्ने थियो ।

तोकिएको मितिमा काम सम्पन्न नभएपछि सरकारले पहिलोपल्ट २०८१ पुस १० सम्मका लागि म्याद थपिएको थियो । तर ठेकेदारको कम्पनीको सुस्तताका कारण अहिलेसम्म पश्चिम खण्डमा ५५.७६ र पूर्व खण्डमा ५१.७४ प्रतिशत काम मात्रै भएको छ ।

निर्माण कम्पनीले थप दक्ष जनशक्ति मगाएर काम गर्ने प्रतिवद्धता गरेपछि सरकारले दोश्रोपल्ट पुनः २०८२ पुस १६ गते सम्मको म्याद थपिदिएको छ । म्याद थपिएपछि चैत २ गतेदेखि पश्चिम खण्डमा निर्माण कम्पनीले नयाँ ढंगले काम सुरु गरेको मिर्चैयास्थित कञ्चनपुर कमला सडक योजना, पश्चिम खण्डले जनाएको छ ।

श्रेष्ठका अनुसार, पश्चिम खण्डमा अहिलेसम्म २३.०३ किलोमिटर राजमार्ग कालोपत्रे भएको छ । यसैगरी, यस खण्डमा २५ वटा पूलमध्ये १८ वटाको काम सम्पन्न भइसकेको छ भने ७ वटा निर्माणाधीन छन् ।

यस्तै मिर्चैयामा निर्माण हुने ओभरपासको काम पनि एक साताभित्रै सुरु गर्ने गरी तयारी निर्माण कम्पनीले गरिरहेको श्रेष्ठको कथन छ । तर लहानमा ओभरपासको काम सुरु गर्न गोलचक्करमा रहेको सहिद स्तम्भ नहटेका कारण कठिनाइ भइरहेको उनले बताए ।

त्यस्तै मिर्चैयामा रहेका विद्युतका पोलहरु हटाइए पनि बन्दिपुर, गोलबजार र लहानका पोल अझै नहटेको र यसले कामलाई प्रभावित पार्दै आएको श्रेष्ठको गुनासो छ ।

सो खण्डमा अब बाँकी रहेका काम सम्पन्न गर्न ४ लाख घनमिटर नदीजन्य सामग्री आवश्यक छ । तर निर्माण कम्पनीसँग अहिले २० हजार घनमिटर नदीजन्य सामग्री मात्रै मौज्दात छ । यतिले १५ दिन जति मात्रै धान्ने श्रेष्ठले बताए । उनले नदीजन्य सामग्री सर्रे खोला र खुट्टी खोलाबाट झिक्नका लागि धनगढीमाई नगरपालिका र लहान नगरपालिकामा निवेदन दिइएको बताए । तर अहिलेसम्म भने सम्झौता हुनसकेको छैन । '

कमला कञ्चनपुर राजमार्गको पूर्व खण्डमा भने आगामी चैत १२ गतेदेखि कामको गति बढ्ने भएको छ । अहिले पनि काम जारी नै रहेको भएपनि एक सातापछि तीव्र गतिमा काम अगाडि बढ्ने कञ्चनपुर कमला सडक योजना, पूर्व खण्डका प्रमुख निरज शाक्यले जानकारी दिए ।

सो खण्डमा अहिलेसम्म ५१.७४ प्रतिशत काम भएको र बाँकी काम थपिएको सीमाभित्रै सम्पन्न गरी आफूहरू अघि बढेको उनले बताए । तर पूर्व खण्डमा पनि पश्चिम खण्डको जस्तै पोल र नदीजन्य सामग्री चिन्ताको विषय बनेको शाक्यले बताए ।

# एल.के.एस डेन्टल सोलुसनस्मा १० प्रतिशतसम्मको छुट

**टुडे समाचारदाता**

काठमाण्डु । सिद्धार्थ बैंक र एल.के.एस डेन्टल सोलुसनस् बिच बैंकका ग्राहक महानुभावहरुलाई विभिन्न सेवामा छुट प्रदानगर्ने सम्बन्धी सम्झौता भएको छ।

सम्झौता अनुसार बिजुली बजार स्थित एल.के.एस् डेन्टल सोलुसनस् काठमाडौंमा बैंकको कार्ड तथा मोबाईल बैंकिङ्ग सेवाबाट भुक्तानी गर्दा दाँत सम्बन्धी सेवामा १०% सम्मको छुट प्राप्त गर्न सक्नुहुनेछ । यस सम्झौताले ग्राहकहरुलाई छुटको सुविधा उपलब्ध गराउनुका साथै नगद कारोबारबाट डिजिटल कारोबारमा जान पनि उत्प्रेरित गर्ने विश्वास बैंकले लिएको छ ।



यस समन्वयको बारेमा थप जानकारीका लागि बैंकको २४ सै घण्टा सञ्चालनमा रहने ग्राहक सेवा केन्द्र, 'सिद्धार्थ केयर' मा निम्न माध्यमहरु मार्फत सम्पर्क गर्न सक्नुहुनेछ ।

बैंकले डिजिटल भुक्तानीको प्रयोगलाई बढाउन र ग्राहकहरुलाई डिजिल माध्यमबाट भुक्तानीगर्न प्रोत्साहनगर्ने क्रममा केहि समय अघिमात्रै 'सिद्धार्थ रिवार्डस' नामक लोयल्टी सेवापनि सञ्चालनमा ल्याएको छ ।


## माइग्रेशन हरायो

मेरो निम्न ब्यहोरा भएको कक्षा १२ (प्लस टू)को माइग्रेशन मिति २०८१/१२/५ गते हराएकोले फेला पार्नु हुने महानुभावले तलको ठेगानामा अथवा नजिकको प्रहरी चौकीमा खबर गरिदिनु हुन अनुरोध छ।

**नाम : विवेक कर्ण**
**सिम्बोल नं.: ९१७२६८४६**
**रजिष्ट्रेशन नं.: ७९२१७०१३०१८५**
**ठेगाना:जि.ध. जनकपुरधाम उ.म.न.पा.-४**
**मो.नं.९८४४३३६९२८**

## माइग्रेशन हरायो

मेरो निम्न ब्यहोरा भएको कक्षा १२ (प्लस टू)को माइग्रेशन मिति २०८१/११/१० गते हराएकोले फेला पार्नु हुने महानुभावले तलको ठेगानामा अथवा नजिकको प्रहरी चौकीमा खबर गरिदिनु हुन अनुरोध छ।

**नाम : संजय दास**
**सिम्बोल नं.: ९३५५४५६६**
**रजिष्ट्रेशन नं.: ७८३३५०३३०२८६**
**ठेगाना:जि.ध. गणेशमान चारनाथ न.पा.-३, जुडी बजार**
**मो.नं.९८२५८६२४५४**

## ज्योतिष-मार्गदर्शन

प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेष : विशिष्ट व्यक्तित्वको सहयोग जुट्नाले विशेष अवसर पाइने समय छ ।
वृष : आम्दानी सामान्य भए पनि ठुलो खाँचो टर्नेछ।
मिथुन : नयाँ व्यवसाय सुरु गर्ने मौका छ । महत्वपूर्ण काम गरेर दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ ।
कर्कट : प्रयत्न गर्दा भाग्यले साथ दिनेछ ।
सिंह : रमाइलो यात्राको अवसर जुट्न सक्छ।
कन्या : सुरुमा केही खर्च लागे पनि सोचेको काम बन्नेछ ।
तुला : प्रशंसकहरु बढ्नेछन् र मानसम्मान समेत पाइनेछ ।
वृश्चिक : आफ्नो क्षेत्रमा प्रभुत्व जमाउने समय छ।
धनु : विगतका कमजोरी सच्याउने मौका मिल्नेछ ।
मकर : काममा सुधार आउनुका साथै आस मारेको काम बन्नाले उत्साहित भइनेछ ।
कुम्भ : सामान्य कामबाट राम्रो लाभ उठाउन सकिनेछ ।
मीन : अध्ययन अध्यापनमा प्रगति हुनेछ ।

गुरुजीसङ्ग जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ५:०० बजे |
| बिहान पूजा आरती | ८:०० बजे |
| भोगराज लाग्ने समय | ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | १२:०० बजे |
| मन्दिर बन्द हुने समय | १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | ४००: बजे |
| रात्री आरती पूजा हुने समय | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | १०:०० बजे |

## जानकी मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| बिहान पूजा आरती | ०७:०० बजे |
| बिहान ढोका बन्द | १२:०० बजे |
| अन्न क्षेत्र | निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | ०७:३० बजे |

## राम मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| मंगल आरती | ०७:३० बजे |
| महाप्रसाद भोग | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०७:०० बजे |
| रात्रि भोग | ०९:०० बजे |
| पट बन्द | ०९:१५ बजे |



सर्लाहीको हरिपुर नगरपालिका-१, हजार बिघास्थित जमिनमा गरिएको मकैखेती । यहाँका अधिकांश किसानले धानबाली भित्र्याएपछि मकैबाली लगाउने गर्छन् । तस्विरः रासस

# गरिबीको रेखामुनि रहेका नेपालीको स्वास्थ्य बिमा राज्यले गर्नुपर्ने

काठमाण्डु । स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले १८ प्रतिशत गरिबीको रेखामुनि रहेका नेपालीको स्वास्थ्य बिमा सरकारले गर्ने कानुनी व्यवस्था गर्नुपर्ने बताउनुभएको छ ।

बुधबारको प्रतिनिधिसभा बैठकमा सांसद डा सुनिलकुमार शर्माले स्वास्थ्य सेवा सुधार तथा सर्वसुलभ उपचारको सुनिश्चिततासम्बन्धी सार्वजनिक महत्वको प्रस्ताव पेस गर्नु निकै महत्त्वपूर्ण भएको मन्त्री पौडेलले बताउनुभयो।

"स्वास्थ्य बिमाको कानुन बनाउँदा १८ प्रतिशत गरिबीको रेखामुनि रहेका नेपालीको बिमा सरकारले गर्ने व्यवस्था गर्ने गरी स्वास्थ्य सेवा दिनुपर्ने हुन्छ", मन्त्री पौडेलले भन्नुभयो, "नेपालमा ६६ लाख घरपरिवार छन्, सबैलाई अनिवार्य स्वास्थ्य बिमामा जोडनुपर्छ, सक्नेले आफैँ गर्छन, नसक्नेलाई राज्यले तिर्ने व्यवस्था गर्नुपर्छ ।"उहाँले नागरिकको योगदानमा आधारित स्वास्थ्य बिमा प्रणालीको सुरु गर्न मन्त्रालयले प्रतिवेदन ल्याएको र स्रोत सुनिश्चितताबारे योजना बनाइरहेको बताउनुभयो ।

स्वास्थ्य बिमा कार्यक्रम ७७ जिल्लामा सात सय ५३ स्थानीय तहमा लागू भएको छ । सेवा प्रदायक संस्था चार सय ८४ रहेका छन । जसमध्ये सरकारी ४०३ सरकारी अस्पताल, ४८ निजी अस्पताल र ३३ वटा सामुदायिक अस्पताल छन् । देशभरी तीन सय ४४ कर्मचारी अस्थायी र करारमा कार्यरत छन् । स्वास्थ्य बिमाको स्रोत सुरक्षित छैन र आम्दानी पनि सुनिश्चित छैन", मन्त्री पौडेलले भन्नुभयो, "बिमा कोष बनाएर व्यवस्थित बनाएर लैजानुपर्छ, यसलाई कसरी व्यवस्थित गर्न सकिन्छ, सल्लाह गरौँ ।" उहाँले स्वास्थ्य बिमाको दुरुपयोग गर्नेलाई कडा कारबाही गर्ने र अहिले रु एक लाखको बिमालाई रु पाँच लाख बनाएर जाने सकिएमा राम्रो हुने बताउनुभयो ।रासस

# दलित समुदायको उत्थान नभएसम्म समृद्ध नेपाल बन्न सक्दैन : पासवान



काठमाण्डु । विगत पाँच वर्षदेखि म राष्ट्रियसभाको सदस्य छु । यो सभाअन्तर्गतको 'विधायन व्यवस्थापन' समितिमा रहेर पनि काम गर्दै आएको छु । राष्ट्रियसभाका सदस्यको मुख्य भूमिका भनेको कानुन बनाउने हो, जुन काम राष्ट्रियसभाले सक्रियताका साथ गरिरहेको छ । दलित समुदायभित्र पनि तराई मधेसका दलितको प्रतिनिधित्व गरेर राष्ट्रियसभामा आएको हु । दलित समुदायभित्र पनि तराईका दलितको आर्थिक अवस्था अत्यन्त नाजुक छ । राजनीतिक र सांस्कृतिक अवस्था पनि कमजोर छ ।

नेपालको जनसङ्ख्यामा दलितको कुल जनसंख्या ३५ लाख ५३ हजार ६८ (१३.४ प्रतिशत) छ, जसमध्ये पहाडी दलित २३ लाख नौ हजार छ सय २२ (६५ प्रतिशत) छन् । मधेसी दलितको जनसङ्ख्या १२ लाख ४३ हजार चार सय ४६ (३५ प्रतिशत ) छ । मधेस प्रदेशको कुल जनसङ्ख्या आठ लाख ८४ हजार दुई सय १३ मध्ये १५.३५ प्रतिशत मधेसी दलित छन् । राज्यका निकायमा मधेसी दलितको सहभागिता न्यून जस्तै छ । मधेसी दलित समुदायबाट सङ्घीय संसद् र सरकारमा शून्य प्रतिनिधित्व छ । प्रदेशसभामा पनि जनसंख्याको अनुपातमा प्रतिनिधित्व पुगेको छैन । एक सय सात सदस्यीय प्रदेशसभामा पाँच जना मात्र दलित सांसद छन् ।

प्रत्यक्ष निर्वाचित सांसद एक जना मात्र हुनुहुन्छ । नेकपा (एमाले) का नेता लखनदास तत्मा धनुषा-२ (१) बाट निर्वाचित हुनुभएको हो । निर्वाचन आयोगको विवरणअनुसार चार समानुपातिक सांसद छन् । समानुपातिकतर्फ जनता समाजवादी पार्टीबाट ललिता दास, जनमत पार्टीबाट रञ्जुकुमारी मण्डल खङ्ग, नेकपा (एमाले) बाट पल्टीदेवी महरा र नेपाली कांग्रेसबाट नीलमकुमारी रजक दलित सांसद हुनुहुन्छ । विसं २०७९ को स्थानीय तहको निर्वाचनमा मधेस प्रदेशका एक सय ३६ स्थानीय तहमध्ये प्रमुखमा एक जना मधेसी दलित मात्रै निर्वाचित हुनुभएको थियो । उपप्रमुख जित्ने दुई जना हुनुहुन्छ ।

त्यसैगरी, एक हजार दुई सय ७१ वडामध्ये २६ वटामा मात्र दलितले जितेका छन् । कानुनले नै बाध्यकारी बनाएको दलित महिला पदबाहेक अन्य सदस्यमा तीन सय ४७ जनाले जितेका छन् । यो माथिको तथ्य हेरियो भने पनि नीतिनिर्माण तहमा मधेसी दलितको प्रतिनिधित्व अत्यन्त कमजोर छ । त्यसैले मधेसी दलित समुदायको प्रतिनिधित्व जनसङ्ख्याको आधारमा हुनुपर्छ ।

मधेस प्रदेशमा जातीय भेदभाव तथा छुवाछूतको समस्या उस्तै छ । अहिले पनि भोजभतेरमा दलित समुदायलाई विभेद गरिन्छ । जातीय भेदभाव तथा छुवाछूतका घटना भएपछि 'जातीय भेदभाव तथा छुवाछूत (कसुर र सजाय) ऐन २०६८' अनुसार उजुरी दिँदा पनि प्रहरी प्रशासनले कारबाही गर्न मान्दैन । कार्यान्वयन गर्न नसक्नुको कारण भनेको राजनीतिक दलहरूले स्थानीय तहमै मिलापत्र गरिदिने चलन छ । समाज परिवर्तनमा राजनीतिक दलहरु नै बाधक बन्ने गरेका छन् ।

तराईमा अहिले पनि जातीयताकै कारण मधेसी दलित महिलामाथि हत्या, हिंसा र बलात्कारका घटना भइरहेका छन् । नेताले कार्यकर्ता बचाउने काम गर्दा पीडितले न्याय पाउन सकेका छैनन् । संसद्मा पटकपटक आवाज उठाउँदा पनि सरकारले सुनिरहेको पाइन्न । सिरहामा दलितलाई छुट्टै राखेर भोज खुवाएको घटनामा राष्ट्रियसभामा पटकपटक आवाज उठाउँदा पनि सरकारले सुनेन । त्यो बेलामा मैले एक्लै संसद् घेराउ गरेको थिएँ । त्यसपछि मात्रै मुद्दा दर्ता भएको थियो ।

मधेसका जिल्लामा पटकपटक अन्तरजातीय विवाहसम्बन्धीका घटना भइरहेका हुन्छन् । तर राज्यले त्यसलाई गम्भीरतापूर्वक लिएको हुँदैन । दलितको सवालमा संविधानको प्रस्तावना, धारा २४ र ४० को पनि व्यावहारिक रूपमा कार्यान्वयन हुनसकेको छैन । अहिलेसम्म पनि कानुन बन्न सकेको छैन । जबसम्म राज्य इमान्दार हुँदैन तबसम्म समग्र दलित समुदायको समस्या समाधान हुन सक्दैन । मधेसी समुदायको उत्थान नभएसम्म समृद्ध नेपाल बन्न सक्दैन ।

अहिले संविधान संशोधनको चर्चा चलिरहेको छ । तर संविधान संशोधनको विषय के हो भन्ने कुरा कसैलाई थाहा छैन । संशोधन गर्नुभन्दा पहिला त विषयमा प्रष्ट हुनुपर्ने होला नि ? यदि समानुपातिक समावेशी सवालमा संशोधन गर्ने हो भने सीमान्तकृत समुदायको निम्ति ठूलो अपमान हुन्छ । संशोधनको नाममा सीमान्तकृत समुदायको अधिकार खोस्ने खतरा पनि उत्तिकै छ । त्यसैले सचेत हुन जरुरी छ ।

सङ्घीयताका बारेमा बाहिर मिडियामा जे प्रचार गरिएको छ, त्यो गलत छ । सङ्घीयता भनेको जनताले छिटो सेवा पाउने, सुविधा पाउने विषयसँग जोडिएको छ । यसलाई बलियो बनाउन प्रदेश र स्थानीय सरकारलाई अधिकारसम्पन्न बनाउनुपर्छ । अधिकार सबै सङ्घीय सरकारमा थुपार्ने अनि कसरी सङ्घीयता सुदृढ हुन्छ ? जनतालाई सुशासनको प्रत्याभूति गराउन सकेको खण्डमा सङ्घीयता झन् बलियो हुन्छ ।

सुशासनको निम्ति सरकारका कामकारबाही पारदर्शी हुनुपर्छ । विभिन्न मुद्दाका आरोपीमाथि कारबाही हुनसकेको छैन । मिटरब्याजपीडितको समस्या सुल्झेको छैन । व्यवस्था परिवर्तन भएको छ तर जनताको अवस्था परिवर्तन नहुनुको मुख्य कारण भनेको देशमा रोजगारीको सृजना नहुनु हो । देशमा उद्योग, कलकारखाना बन्द गरेर जनताको अवस्थामा परिवर्तन हुँदैन । गरिब युवा महँगो ब्याजमा ऋण काडेर विदेशिन बाध्य छन् । जबसम्म हामीले उत्पादनमा ध्यान दिँदैनौँ तबसम्म जनताको अवस्थामा परिवर्तन आउँदैन ।


माध्यमिक विद्यालय परीक्षा (एसइई) दिँदासम्म नेपाली विद्यार्थी नेपालमै हुन्छन् । तर एसइईपछि विस्तारै विदेशिनेक्रम सुरु हुन्छ । एसइईमा प्रत्येक वर्ष पाँच लाखको हाराहारीमा विद्यार्थी सहभागी हुन्छन् । दश जोड दुईमा आउँदा त्यो सङ्ख्या चार लाख हुन्छ । त्यसपछि त्यो सङ्ख्या ह्वात्तै घटेर दुई लाख हुन्छ । १२ कक्षा उत्तीर्ण भएपछि सबै नेपाली विद्यार्थीको चाहना विदेश जाने देखिएको छ । यसको मूल जड भनेको हाम्रो शिक्षा प्रणाली नै व्यावहारिक छैन । विदेशमा पढ्दै काम गर्दै गर्न सकिन्छ । हाम्रो देशमा त्यस्तो शिक्षा प्रणाली छैन । देशको अवस्था देखेर युवापुस्तामा निराशा बढ्दो छ । मेरो अबको भूमिका भनेको दलित समुदायको निम्ति एकीकृत कानुन निर्माण गर्नेतर्फ केन्द्रित हुन्छ । नौ वर्षसम्म संविधानअनुसार दलितका लागि कानुन निर्माण हुनसकेको छैन । जनताको सवाललाई संसद्मा उठाउने र सरकारको ध्यानाकर्षण गराउनमा मेरो भूमिका रहन्छ ।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का केन्द्रीय सदस्य राधेश्याम पासवान विगत पाँच वर्षदेखि राष्ट्रियसभाको सदस्य हुनुहुन्छ । सानैदेखि जातीय भेदभाव तथा छुवाछूतको समस्या भोग्दै आउनुभएका पासवानले २०३६ सालमा 'दलित जनजाति पार्टी' गठन गरेर सो पार्टीको उपाध्यक्षको भूमिकामा रहेर काम गर्नुभएको थियो ।रासस

# शुक्र अस्त, के गर्नुहुन्छ ? के गर्नु हुँदैन ?

काठमाण्डु । नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले आजदेखि शुक्र अस्त हुने जनाएको छ । चैत ६ गते बुधबार राति ७:२५ बजेदेखि पश्चिममा अस्त हुने शुक्र यही चैत १० गते आइतबार दिउँसो १:१७ बजे पूर्वमा उदय हुने समितिले जनाएको छ ।

यस अवधिमा विशेष कार्य जस्तै विवाह, सप्ताह, नवाह, लाख बत्ती प्रज्वलन, उत्सवलगायतका कार्य गर्न नहुने जनाइएको छ । तर नित्यकर्म, पूजापाठ, जप, हवन, तर्पण, नित्य दान आदि नैमित्तिक कम, न्वारन, पास्नी, श्राद्ध, मासिक काम भने गर्न हुन्छ । काम्य कर्र्म विवाह, सप्ताह, नवाह, लाख बत्ती प्रज्वलन, उत्सव आदि गर्नु हुँदैन ।



शास्त्रीय मान्यताअनुसार बृहस्पति देवताका गुरु हुन् भने दैत्यका गुरु शुक्राचार्य हुन् । हिन्दुधर्म अनुसार प्रत्येक वर्ष शुक्र र बृहस्पति अस्त हुने सनातन विद्वत् परिषद् नेपालका सदस्य पण्डित बालमुकुन्द देवकोटा बताउनुहुन्छ । वर्षको एक समयमा घुम्दै जाने क्रममा शुक्र ग्रह पृथ्वी नजिक पुगेपछि सूर्यको प्रकाशले शुक्र ग्रहको प्रकाशलाई ओझेलमा पार्नुलाई शुक्र अस्त भनिन्छ ।

ज्योतिषीय मान्यताअनुसार शुक्र अस्त हुने डेढ दिनअघि र उदाएको डेढ दिनसम्म विभिन्न धार्मिक क्रियाकलाप गर्नु हुँदैन । धार्मिक मान्यताअनुसार नित्य, नैमित्तिक र काम्य गरी तीन प्रकारका कर्म हुन्छन् । नित्य कर्ममा स्नान, ध्यान, जपतप, पूजापाठ आदि कर्म पर्दछन् ।

नैमित्तिक कार्यमा बच्चाको न्वारान, पास्नी, मृत्यु संस्कार तथा श्राद्ध, मासिक तर्पण, जन्मोत्सव जस्ता कर्म पर्दछन् । काम्य कर्ममा जुराएर र हेराएर गर्ने प्रकृतिका कार्य जस्तै नयाँ गृह निर्माण आरम्भ, नवगृह प्रवेश, नयाँ व्रतको आरम्भ, नयाँ मन्दिर निर्माण, मूर्ति स्थापना, सप्ताह, नवाहआदि अनुष्ठान र व्रतबन्ध-विवाह आदि संस्कारहरू पर्दछन् ।

प्रत्येक काम्य कर्मका फलदाता नै गुरु र शुक्र हुन् । वृहस्पति र शुक्र अस्त भएका बेलामा पोखरी इनार खन्न, मन्दिर बनाउन, पहिलो पटक कपाल क्षौर गर्न, तीर्थ यात्रामा जान, देव प्रतिष्ठा गर्न, कान छेदन गर्न, व्रतबन्ध, विवाह गर्न, दिक्षा दिन, मन्त्र सुन्न काम्योद्देश्यले वृषोत्सर्ग गर्न पनि नमिल्ने जनाइएको छ। साथै बगैँचा कुवाको निर्माण, गृहारम्भ, चान्द्रायण व्रत, तुलादान, व्रतको सुरु र समापन, विद्यारम्भ संस्कार, कहिल्लै नगरिएको देवताको दर्शन, अग्निहोत्र, सप्ताह पुराण, देव स्थापन, प्राण प्रतिष्ठा, सन्यास ग्रहण, राजाको दर्शन, राजाभिषेक, यात्रा, विशेष परीक्षा आदि कर्मलाई शास्त्रले निषेध गरेको छ ।

शुक्रको दशा चलिरहेका व्यक्तिलाई शुक्रले जुन फल जति प्रदान गर्नुपर्ने हो सो प्राप्त नहुनसक्ने स्थिति पनि रहन्छ ।रासस

# नेपाललाई विकासशील राष्ट्र बनाउन आवश्यक तयारी सुरु

काठमाण्डु । नेपाल अतिकम विकसित राष्ट्र समूहबाट विकासशील राष्ट्रमा स्तरोन्नति हुँदा अबलम्वन गर्नुपर्ने रणनीति कार्यान्वयनका लागि अर्थ मन्त्रालयले गर्नुपर्ने तयारीबारे गृहकार्य सुरु गरेको छ ।

अर्थ मन्त्रालयमा आयोजित बैठकमा उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले नेपालले गर्नुपर्ने कार्यलाई पूर्ण तयारीका साथ अघि बढाउने उल्लेख गर्दै त्यसमा जुट्न र समन्वय गर्न सबै कर्मचारीलाई निर्देशन दिनुभयो ।

राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्रा डा शिवराज अधिकारीले सङ्क्रमणकालीन रणनीतिलाई समय सान्दर्भिक बनाउँदै सबै पक्षसँगको समन्वयमा अघि बढ्न आवश्यक रहेकामा जोड दिनुभयो । बैठकमा आगामी आर्थिक वर्ष २०८२/८३ को बजेट बनाउँदा प्रस्ताव गरिने विषय, नीति, योजना तथा कार्यक्रमलाई सहज र दिगो बनाउन योगदान गर्नेगरी तयारीमा जुट्नुपर्नेमा जोड दिइएको छ ।

अर्थ मन्त्रालयको कार्य जिम्मेवारीमा दिगो आर्थिक वृद्धि र रोजगारी सिर्जनामा आधारित वित्त नीति, स्थीर मौद्रिक नीति, कोषको उपलब्धता र विकास सहायता परिचालन पर्दछन् । यसैगरी व्यापारिक विश्लेषण तथा उच्च प्रतिफलयुक्त परियोजनाका लागि क्षमता र वित्तीय पहुँच वृद्धि पनि कार्य जिम्मेवारीमा छन् । स्तरोन्नतिका मापदण्डमा प्रतिव्यक्ति कूल राष्ट्रिय आय, मानव सम्पत्ति सूचक, आर्थिक तथा वातावरणीय जोखिम सूचकलगायत रहेका छन् ।रासस


## कर्मचारी चाहियो

शंकर अटोमोबाइल (हिरो शोरुम)मा केही कर्मचारीहरुको आवश्यकता भएको हुँदा इच्छुक महानुभावहरुले यथाशिघ्र सम्पर्क गर्नुहुन जानकारी गराईन्छ ।

**कर्मचारीको पद**

हेडमिस्त्री १

सिनियर एकाउन्टेन्ट १



**सम्पर्क**

शंकर अटोमोबाईल (हिरो शोरुम)

धनुषाधाम -३, धनुषा

मोवाईल नं : ९८१०१७११६३,९८१२१२००३८

email: amarjaiswalsanjani@gmail.com


## प्रभु बैंक लिमिटेड, शाखा कार्यालय जनकपुरका तपसिलमा उल्लिखित ऋणी तथा जमानतकर्तालाइ कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना

**(सूचना प्रकाशित मिति २०८१/१२/०७ गते बिहिबारको जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा )**

यस बैंक लि.बाट तपशिलमा उल्लेखित ऋणीले बिभिन्न कर्जा शिर्षक अन्तरगत लिएको ऋण कर्जाको किस्ता (साँवा, व्याज) भुक्तानी सम्बन्धी शर्त कबुलियत उल्लघंन गर्नु भएकोले बैंकसँग गर्नुभएको सम्झौता बमोजिम कर्जा चुक्ता फछ्र्यौट नगर्नु भएको हुंदा यस बैंकबाट पटक-पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछ्र्यौट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुनाले बैंकले कर्जा असुलीका लागि **मिति २०८०/०६/२४ गते बुधबारको** जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने ३५ दिने सार्वजनिक सूचना तथा धितो लिलाम विक्री गर्ने बारेको ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम कर्जा चुक्ता नभएको र धितो बापतको सम्पत्ति लिलाम विक्री हुन नसकेकोले **मिति २०८०/०९/२४ गते** मंगलबारको जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने तथा धितो लिलाम विक्री गर्ने बारेको १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम समेत कर्जा चुक्ता तथा धितो लिलाम विक्री नभएकोले कर्जा असुलीका लागि कर्जा सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ, सोही अवस्थामा गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति दर भाउ र मुल्यमा खरिद गरी लिने हो सो व्यहोरा खुलाई यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको शाखा कार्यालय,जनकपुरमा दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ८ औं दिन अर्थात् **मिति २०८१/१२/१४ गते बिहिबार**(सो दिन सार्वजनिक विदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको शाखा कार्यालय, जनकपुरमा दिनको ठीक ३:०० (तीन) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, ईच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाई स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराइन्छ । पुनश्च: यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र उक्त बांकी सम्पूर्ण कर्जाको साँवा ब्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता फछ्र्यौट गर्न गराउनको लागि सम्वन्धित ऋणी, धितो सुरक्षण धनी तथा जमानतकर्ता समेतलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराउन सकिने व्यहोरा जानकारी गराउँदै कर्जाको सूरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित अचल जायजेथा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने र कुनै कारणवश तपसिलमा उल्लिखित जायजेथा लिलाम बिक्री नभएमा सो जायजेथा अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा नियमानुसार बैंकले आफ्नो नाममा सकार गरी लिन सक्ने तथा उक्त जायजेथाबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराइन्छ ।

**तपसिल**

**ऋणी तथा जमानतकर्ताको विवरण :**

| | |
|---|---|
| **ऋणी :** प्रदेश सरकार, प्रदेश नं.२, उद्योग, पर्यटन बन तथा वातावरण मन्त्रालय, उद्योग बाणिज्य तथा उपभोक्ताहित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, जलेश्वर, महोतरीमा, प्राइभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम मिति २०७६/११/११ मा प्रा.फ.र.न. ६२२२/६५२/०७६/०७७ मा दर्ता कायम भई नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय जनकपुर, धनुषा, करदाता सेवा केन्द्र बर्दिवास महोत्तरीबाट मिति २०७६/११/१२ मा करदाताको नाम शुसिल कुमार महतो, कारोवारको नाम **रंजित ट्रेडर्स** भई स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाण पत्र नं. ६१३११५४९० को प्रमाणपत्र प्राप्त **रंजित ट्रेडर्स । रजिष्ट्रड ठेगाना :** धनुषा जिल्ला, बर्दिबास नगरपालिका, वडा नं.१२, विजलपुरा महोत्तरी । | **प्रोप्राइटर तथा जमानतकर्ता : शुसिल कुमार महतो** (ना.प्र.नं. १८३०६३/१६३, जारी मिति २०६३/१०/१७, जारी गर्ने कार्यालय जि.प्र.का.महोतरी) । ठेगाना : महोत्तरी जिल्ला, विजलपुरा गा.वि.स.,वडा नं.०१ (हाल महोत्तरी जिल्ला, बर्दिवास न.पा., वडा नं. १२) । बाबु : महादेव कोइरी । बाजे : मिश्रीलाल महतो । |

| | |
|---|---|
| **जमानतकर्ता : रनजिता कुमारी महतो** (ना.प्र.नं. १८-०५-७५-०१८२४, जारी मिति २०७५/०९/२७, जारी गर्ने कार्यालय जि.प्र.का: महोत्तरी) । ठेगाना : महोत्तरी जिल्ला, बर्दिवास न.पा., वडा नं. १२ । बाबु : अन्ना कुमार महतो । पति/ससुरा : सुशिल कुमार महतो/महादेव कोइरी । | **जमानतकर्ता : लिला देवी** (ना.प्र.नं. ३१२३, जारी मिति: २०४६/०३/२५, जारी गर्ने कार्यालय जि.प्र.का महोत्तरी ठेगाना : महोत्तरी जिल्ला, विजलपुरा गा.वि.स.वडा नं.०१ (हाल महोतरी, बर्दिवास न.पा., वडा नं. १२) । बाबु : राम बहादुर महतो । पति : महादेव कोइरी । |

**ख. लिलाम विक्री हुने सम्पत्तिको विवरण :**

१. लिला देवीको नाममा मालपोत कार्यालय बर्दिवास, महोतरीमा दर्ता श्रेष्ता कायम रहेको महोतरी जिल्ला, बिजलपुरा गा.बि.स.वडा नं. १, नक्सा सिट नं. १ख स्थित कि.नं.४०३ क्षेत्रफल ०-१-२.५-० (बिघा) घर जग्गा तथा सो घर जग्गाले चर्चेको र भविष्यमा चर्चने सम्पुर्ण लिगलगापत समेत सम्पुर्ण...................१

२. शुसिल कुमार महतोको नाममा मालपोत कार्यालय बर्दिवास, महोतरीमा दर्ता श्रेष्ता कायम रहेको महोतरी जिल्ला, बिजलपुरा गा.बि.स.वडा नं.१, नक्सा सिट नं.१क स्थित कि.नं.६५५ क्षेत्रफल ०-५-०-० (बिघा) घर जग्गा तथा सो घर जग्गाले चर्चेको र भविष्यमा चर्चने सम्पुर्ण लिगलगापत समेत सम्पुर्ण ..............१

३. ऋणी रंजित ट्रेडर्स समेतको स्वमित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण.........................................................१

**पुनश्च :**

१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र शाखा कार्यालय जनकपुरबाटसमेत प्राप्त गर्न सकिनेछ ।

२. सम्पत्ति दाखेलखारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ ।


३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र शाखा कार्यालय जनकपुरमा सम्पर्क राख्न सकिनेछ ।

PRABHU BANK

प्रभु बैंक लिमिटेड

प्रधान कार्यालय: बबरमहल, काठमाडौं, नेपाल

फोन नं. ०१-५७१५०००



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# परीक्षा मर्यादित हुनुपर्छ

परीक्षा जुनसुकै होस्, मर्यादित नै हुनुपर्छ । नेपालमा कुनै बेला फलामे ढोका मानिने (आइरन गेट) मानिएको एसएलसी परीक्षाको अहिले नाम फेरिएको छ । अब एसईई परीक्षा भएको छ । अब त्यो फलामे ढोका पनि रहेन । एसईई परीक्षामा विगतको जस्तो उत्तीर्ण गर्न सबै विषयमा पास हुनुपर्ने बाध्यता पनि अब छैन । पासका लागि पुरक परीक्षाको पनि व्यवस्था छ । कम अंक ल्याएर उत्तीर्ण भए पनि उच्च शिक्षाका नामांकन हुने प्रावधान छ । विगतको जस्तो एसएलसी परीक्षाको नम्बर अहिले हेरिदैन । तत्कालीन एसएलसी परीक्षा उत्तीर्ण गर्नु भनेको ठूलो गौरवको विषय थियो । त्यसमा पनि प्रथम, द्वितिय श्रेणीमा उतिर्ण हुनु त विद्यालयकै लागि समेत गर्वको विषय हुने गर्थ्यो । अहिले त्यसमा आमुल परिवर्तन भएको छ । एसईई परीक्षा सामान्य रुपमा उत्तीर्ण भए पनि उच्च शिक्षा अध्यन गर्न बाधा पुग्दैन । तर एसईई परीक्षालाई मर्यादित बनाउनु पर्ने आवश्यक छ । अमर्यादित परीक्षाको नतिजा राम्रो भए विद्यालयको व्यवसायिक कारोबार बढ्ने बाहेक विद्यार्थीका लागि उपलब्धिमूलक हुँदैन । विद्यार्थीका लागि प्रमाण पत्रसँगै गुणस्तरीयता समेत आवश्यक छ । प्रमाण पत्र मात्र भएर पनि अब प्रतिष्पर्धा गर्न सकिदैन । पतिस्पर्धा गर्न सक्ने क्षमताको विकासका लागि विद्यालयदेखिकै शिक्षा गुणस्तरीय हुनुपर्छ । डिग्रीसँगै क्षमता पनि हुनुपर्छ । सरकारी जागिर अथवा निजी जागिर, आफ्नै उद्योग, व्यवसाय अथवा वैदेशिक रोजगारमा शैक्षिक प्रमाणसँगै क्षमता नभए सफल हुन निकै संघर्ष गर्नुपर्ने हुन्छ । त्यसकारण प्रमाण पत्र मात्र प्राप्त गर्नु भन्दा क्षमता पनि सँगै बढाउन गुणस्तरीय शिक्षा र मर्यादित परीक्षा हुनुपर्छ । अहिले उत्तीर्णमुखी शिक्षामा जोड दिएको छ । निजी विद्यालय र कलेजहरुले पठनपाठन भन्दा प्रमाण पत्र उपलब्ध गराइदिनेमा केन्द्रीत छ । विद्यार्थी र अभिभावकले पनि त्यहीँ चाहेका छन् । यो प्रवृत्ति मधेशमा मात्र नभइ पहाडमा पनि छ । पहाडमा पनि मर्यादित परीक्षा हुँदैन । देशभरि नै निजी क्षेत्रले शिक्षाको गुणस्तरीयता भन्दा प्रमाण पत्र उपलब्ध गराउने व्यवसायिकतामा केन्द्रीत भएकाले विकृति बढेको छ । मधेश प्रदेशमा एसईई परीक्षालाई मर्यादित बनाउन गरेको पहललाई संघीय सरकारको संरचनाले सहयोग नगर्दा परीक्षाको सम्पूर्ण प्रक्रियाबाट प्रदेश सरकार अलग भएको घोषणा गरेको छ । परीक्षाको पूर्व सन्ध्यामा मधेश प्रदेश सरकारले गरेको यस्तो निर्णयबाट परीक्षार्थीहरुमाथि समेत मानसिक दबाब बढाएको बताइन्छ । सरकारले आफ्नो निरीहता देखाउने भन्दा अधिकारको प्रयोग गरी निर्णय कार्यान्वयन गराउनु पर्थ्यो । परीक्षा मर्यादित हुनु सबैको हितमा छ । डिग्री भए पनि दक्षता नहुँदा त्यो निरर्थक नै हुन्छ । तर डिग्री र दक्षता दुबै भएकाहरुको सबै ठाउँमा सम्मान र उच्च मूल्यांकन हुन्छ ।

# विश्वविद्यालयहरुमा प्रधानमन्त्री कुलपति हुँदाका लाभहानी



प्रकाश सिलवाल

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्रीमा नियुक्त भएपछि २०८० फागुन २३ गते सुमना श्रेष्ठको पहिलो निर्णय थियो- 'मुलुकका ११ वटै विश्वविद्यालयका कुलपतिमा प्रधानमन्त्री र सहकुलपतिमा शिक्षामन्त्री पदेन रहने विद्यमान व्यवस्था हटाइ विज्ञहरूलाई राख्न सम्बन्धित कानुनमा संशोधन गर्ने' ।

राष्ट्रिय स्वतन्त्र पार्टीबाट सांसद भएदेखि श्रेष्ठले यस विषयलाई उठाउँदै आउनुभएकाले उक्त निर्णयमा पुग्न उहाँलाई कठिनाइ थिएन, तर राजकीय जिम्मेवारीमा रहेर निर्णय लिनु वा सहज कार्यान्वयन गर्नु र पदमा नहुँदा बोल्नुको भिन्नता छ । उहाँलाई राम्रैसँग अनुभूत भएको सार्वजनिक प्रतिक्रियाबाट बुझ्न सकिन्थ्यो ।

श्रेष्ठ मन्त्री हुनुभन्दा अगाडि पनि खासगरी विश्वविद्यालयहरुमा दलीय राजनीति हाबी भएको र त्यसो हुनुमा कुलपति,सहकुलपति जिम्मेवार हुन् भन्ने आशयका प्रश्न उठ्दै आएका थिए । कतिपय शिक्षाविद्ले अहिले पनि कुलपति र सहकुलपतिमा प्रधानमन्त्री र शिक्षामन्त्रीको व्यवस्था खारेज गर्न प्रस्ताव गर्दै आएका छन् । यस प्रस्तावमा उहाँहरुका कतिपय तर्क नाजायज छैनन्, भलै ती तिनै शिक्षाविद् हुन्, जसले राजतन्त्रात्मक व्यवस्थामा राजा कुलपति भएकाले गणतन्त्रपछि कुलपतिमा प्रधानमन्त्री र सहकुलपतिमा शिक्षामन्त्रीलाई राखिनुपर्ने सुझाव दिएका थिए ।

तत्कालीन शिक्षामन्त्री श्रेष्ठले 'नेपाली युवाहरुलाई स्वदेशमै सहजरुपमा गुणस्तरीय शिक्षा दिन र विश्वविद्यालयहरुमा अति राजनीतिकरण रोक्न विश्वविद्यालयका मौजुदा कानुनमा संशोधनको प्रारम्भिक काम गर्न' दिएको निर्देशन कार्यान्वयन नभइकन उहाँको कार्यकाल बित्यो । कानुन संशोधनको जटिल प्रक्रिया कुनै एक मन्त्रीको 'स्टन्टबाजी' निर्णय जस्तो अवश्य सहज हुँदैन । मन्त्री श्रेष्ठको उक्त निर्णय कार्यान्वयनमा नआउनुले तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' सहमत नरहेको मान्न सकिन्छ । मन्त्री श्रेष्ठले मन्त्रालयको ब्युरोक्रेसीबाट सहयोग नभएको गुनासो त्यसबेला नै सार्वजनिक गर्नुभएको थियो ।

मन्त्री श्रेष्ठले युवाहरु उच्चशिक्षका लागि किन विदेशमा जान्छन् भन्ने विषयमा सर्वेक्षण गरी नीतिगत निर्णय लिन र शिक्षा सुधारका लागि अन्य सवालमा मन्त्रालयका अधिकारीसँग बसेर प्राथमिकताका विषय तय गर्न थालेका प्रयास सकारात्मक थिए । प्रतिनिधिसभाको शिक्षा समितिमा विचाराधीन 'विद्यालय शिक्षा विधेयक, २०८०' माथिको छलफलले गति लिन नसकेका बेला ११ वटा विश्वविद्यालयका बेग्लाबेग्लै कानुन तिनमा कुलपति,सहकुलपतिको व्यवस्थामा मात्रै संशोधन हुन सम्भव थिएन । तत्कालीन सरकारले अत्यावश्यक देखेको भए केही नेपाल ऐन संशोधन विधेयक वा संसद् नभएका बेला अध्यादेशबाट पनि ती कानुन संशोधन गर्न सक्ने थियो तर त्यो आवश्यकता सरकारले देखेन । यसको अर्थ त्यो सरकारको प्राथमिकता कुलपति र सहकुलपतिको विद्यमान व्यवस्थामा परिवर्तन थिएन । चर्चाका लागि मन्त्रीबाट उक्त निर्णय भयो र विश्वविद्यालयमा 'मेरिटोक्रेसी' आफूले मात्रै लागु गरिएको सन्देश प्रवाह गरियो, विद्यालयका शिक्षकहरुलाई राजनीतिक आस्थाका आधारमा सेवाबाट बाहिरिन मनोवैज्ञानिक त्रास सृजना गरियो ।

विश्वविद्यालयबाहेक विभिन्न स्वास्थ्य विज्ञान प्रतिष्ठानमा प्रधानमन्त्री कुलपति र स्वास्थ्य तथा जनसङ्यामन्त्री सहकुलपति रहने व्यवस्था छ । कुलपति र सहकुलपति प्रधानमन्त्री वा मन्त्री वा विज्ञमध्ये जो भए पनि मुख्य कुरा त्यस संस्थाको नीतिगत नेतृत्व र अभिभावकत्व हो । अन्तरमन्त्रालयगत विषयमा पनि विश्वविद्यलयहरुले काम गर्नुपर्ने हुँदा प्रधानमन्त्री र शिक्षामन्त्रीलाई कुलपति र सहकुलपतिमा पाएर त्यसको सही उपयोग गर्न सक्ने हो भने पदाधिकारीबीच समन्वय वृद्धि भई विश्वविद्यालयका काम सहजता आउनेछन् । त्यसको समग्र लाभ विद्यार्थी, प्राध्यापक, कर्मचारी र समग्रमा मुलुकले नै प्राप्त गर्नेछ । आपसी बेमेल, स्वार्थ र राजनीतिक तिकडमबाजी भएमा त्यसले संस्थालाई ओरालो यात्रामा लान्छ । विश्वविद्यालयका पदाधिकारीले कुलपति र सहकुलपतिलाई कसरी संस्थाको हितमा उपयोग गर्न सक्छन् भन्ने मात्रै हो ।

यहाँ दृष्टान्तका रुपमा मुलुकको ठुलो विश्वविद्यालय, त्रिभुवन विश्वविद्यालयबारे केही चर्चा गरौँ । त्रिविका उपकुलपति प्रा डा केशरजङ्ग बरालसहितका पदाधिकारीले आफ्ना प्रगति विवरण सार्वजनिक गर्न २०८१ वैशाख २५ गते कीर्तिपुरमा आयोजना गरेको पत्रकार सम्मेलनमा 'हौसला बढ्ने' विश्वासका साथ तत्कालीन शिक्षामन्त्री सुमना श्रेष्ठलाई साक्षी राखेका थिए । यसलाई कसैले हस्तक्षेप मानेनन् । आफूलाई आवश्यक पर्दा पत्रकार सम्मेलनमा पनि सहकुलपतिलाई आमन्त्रण गर्ने र अरु कुरा मिल्दा हस्तक्षेप भएको नठान्ने, आफू अनुकूल नभएमा हस्तक्षेप ठान्ने बुझाइ र व्याख्या नौलो शृङ्खला होइन । त्रिविको पत्रकार सम्मेलनमा शिक्षामन्त्री श्रेष्ठले 'विश्वविद्यालयलाई सरकारबाट चाहिने सहयोग पूर्णरूपमा उपलब्ध हुन्छ । त्यसका लागि मन्त्रालयले गर्नुपर्ने काम गर्छ । क्याबिनेटबाट पास गराउनुपर्ने भए त्यो पनि गर्छ, संसद्मा लगेर पास गराउनुपर्ने भए त्यो पनि गर्न मन्त्रालय तयार छ' भनेर लोकप्रिय जवाफ दिनुभएको थियो । उहाँको कार्यकालमा के कति सुधार र सहयोग त्रिविलाई मिल्यो भन्ने परिणाम हालसम्म ठोसरुपमा देख्न सकिएको छैन । तर जसरी अहिले कुलपति र सहकुलपतिले वा वर्तमान सरकारले.विश्वविद्यालयमा हस्तक्षेप वा राजनीतिककरण गरेको छ भनेर संसद् र अन्य ठाउँमा कुरा उठाइन्छ, त्यो सत्य हो वा होइन त्यसको निरुपण गर्न आवश्यक हुन्छ, पहिला के भएको थियो त्यसको सिंहावलोकन गर्न बिर्सन हुँदैन ।

कुलपति भनेको सामान्यतः कुनै पनि विद्यालयको सञ्चालनका लागि 'सेरोमेनियल' प्रमुख हो, उसले संस्थाभित्र विश्वविद्यालयको लक्ष्य र निर्णयको प्रतिनिधित्व गर्छ र निर्णय कार्यान्वयनको कार्यकारी जिम्मेवारी उपकुलपति वा कार्यकारी व्यवस्थानको हुने गर्छ । विश्वविद्यालयमा कुलपतिका व्यवस्था विभिन्न मुलुक अनुसार आफ्ना-आफ्ना अनुभव र अभ्यासमा आधारित पनि हुन्छन् । छिमेकी भारतका कतिपय विश्वविद्यालयका राजनीतिक उच्च पदाधिकारी कुलपति छन् । दिल्ली विश्वविद्यालयमा उपराष्ट्रपति कुलपति रहने व्यवस्था छ भने कतिपय प्रान्तका विश्वविद्यालयमा प्रान्तका राज्यपाल कुलाधिपति रहने व्यवस्था छ । त्यसकारण कुलपतिमा राष्ट्रप्रमुख वा कार्यकारी प्रमुख वा प्राज्ञिक व्यक्तित्व रहने सबै अभ्यास आफैमा सही वा गलत भन्ने निष्कर्ष निकाल्न मिल्दैन ।

> "कुलपतिमा प्रधानमन्त्री बस्ने बित्तिकै विश्वविद्यालयमा राजनीति छिर्छ" भन्ने कतिपय शिक्षाविद्को भनाइको पछाडि केही तर्क र अनुभवले काम गरेको होला तर समग्रमा सबै प्रधानमन्त्रीलाई त्यसरी लाञ्छित गर्नु विज्ञतामाथिको अन्याय हो ।

'कुलपतिमा प्रधानमन्त्री बस्ने बित्तिकै विश्वविद्यालयमा राजनीति छिर्छ' भन्ने कतिपय शिक्षाविद्को भनाइको पछाडि केही तर्क र अनुभवले काम गरेको होला तर समग्रमा सबै प्रधानमन्त्रीलाई त्यसरी लाञ्छित गर्नु विज्ञतामाथिको अन्याय हो । बौद्धिक बेइमानी हो । तिनैमध्येका कतिपय शिक्षाविद्हरु भन्दैछन्– 'शिक्षाविद् प्रा केदारभक्त माथेमाले त्रिभुवन विश्वविद्यालयको उपकुलपति हुँदा तत्कालीन प्रधानमन्त्री एवं कुलपति गिरिजाप्रसाद कोइरालाको हस्तक्षेप नमान्ने शर्तमा नियुक्ति लिनुभयो । त्यसो हो भने माथेकामा कार्यकालमा प्रधानमन्त्री कोइरालाबाट चाँही त्रिविमा हस्तक्षेप भएन भनेर किन भनिँदैन ? कुलपतिले त्यसरी सहजरुपमा उपकुलपतिलाई निर्बाध काम गर्न सघाउने भएकाले कुलपतिको प्रबन्धलाई निरन्तरता दिँदा विश्वविद्यालयलाई लाभ हुन्छ भनेर किन भनिँदैन ?

मुलुकमा प्रधानमन्त्री कुलपति रहेका ११ वटा विश्वविद्यालय र छ वटा स्वास्थ्य विज्ञान प्रतिष्ठान छन् । वार्षिकरूपमा कम्तीमा दुई वटा सभा र एकपटक दीक्षान्त समारोह हुने हुँदा प्रधानमन्त्री (कुलपति) ले यिनका लागि मात्रै कम्तीमा ४१ दिन समय दिनुपर्छ । सिनेटको पूर्वसन्ध्यामा एजेण्डा तयारी, बैठकपछि माइन्युट प्रमाणीकरण, निर्णयपूर्व र कार्यान्वयनका क्रममा सरोकार भएका निकाय र पक्षका अन्य विषय जोडिँदा कुलपति र सहकुलपतिका थप समय व्यतीत हुन्छ ।

गत मङ्सिर २७ गते कीर्तिपुरमा भएको त्रिविको सिनेट बैठकमा प्रस्तुत कार्यसूचीमा पदाधिकारी र सिनेट सदस्यबीच विवाद भएपछि कुलपति एवं प्रधानमन्त्री केपी शर्मा ओलीले विस्तृत छलफल गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पुस ७ गते अनौपचारिक सिनेट बैठक डाक्नुभयो । उक्त दिन करिब तीन घण्टा भएको छलफलमा विश्वविद्यालयका प्राध्यापक, कर्मचारी, विद्यार्थी, पब्लिक क्याम्पसलगायत क्षेत्रका प्रतिनिधिले क्षेत्रगत समस्या र समाधानका उपाय सुझाए । प्रधानमन्त्री ओलीले सबै क्षेत्रका समस्या र मागलाई समेटेर सरोकार भएका पक्षसँग थप छलफल गरी समाधानका उपायसहित निर्णय गर्नुपर्ने विषयहरु प्रस्तावका रुपमा ल्याउन पदाधिकारीलाई दिनुभएको निर्देशन अहिलेसम्म कार्यान्वयन भएको छैन । यसका लागि जिम्मेवार को ? विश्वविद्यालयका पदाधिकारीले आफै पनि समस्याको समाधान गर्न नसक्ने, पदाधिकारी र सरोकार भएका पक्षले निकासका लागि कुलपति र सहकुलपति गुहार्ने अनि फेरि हस्तक्षेप भयो भन्नु अशोभनीय कुरा हो ।

सिनेट सदस्यहरुले कुलपतिस्तरबाट त्यस प्रकारको अनौपचारिक बैठक पहिलो पटक राखिएको र आफ्ना कुराहरु खुलेर राख्न पाइएको बताएकामा धन्यवाद दिनुलाई हस्तक्षेपको नमूना मान्न कदापि सकिँदैन । सिनेट सदस्यका सुझाव सुनेपछि प्रधानमन्त्री ओलीले पर्याप्त गृहकार्य र एक प्रकारको सहमति गराएर औपचारिक बैठकमा प्रस्ताव ल्याउन आग्रह गर्नुका पछाडि कुलपतिको के स्वार्थ थियो ? सिनेट बैठकका छलफललाई बङ्ग्याएर कुलपतिलाई विवादमा तान्ने प्रयास सामाजिक सञ्जालमा हुँदा त्रिविको के हित भयो ? के सिनेटरहरु सार्वजनिक खपतका लागि प्रस्तुत भएर मात्रै समस्या समाधान हुन्छ ? अब प्रधानमन्त्री (कुलपति) ले त्यसको 'फलोअप' बारे प्रश्न गर्नुभयो भने हस्तक्षेप हुन्छ वा विश्वविद्यालयको हितको काम हुन्छ ?

वास्तवमा पदाधिकारीहरु मुख्य विषयमा केन्द्रित भएर लाग्ने हो भने न कुलपति न सहकुलपति कसैलाई पनि विश्वविद्यालयप्रति धेरै टाउको दुखाउने बाध्यता पर्दैन । कुलपति र सहकुलपतिले सरकारको शिक्षा नीतिबमोजिम स्वदेशमै गुणस्तरीय शिक्षा उपलब्ध भएको छ छैन ? शुल्क व्यवस्थापन र सुशासन सही छ छैन ? वार्षिक क्यालेण्डर पालना भएको छ छैन ? सरकारबाट हुनुपर्ने सहजीकरणमा कुनै कमी भएको छ कि ? त्यत्ति हेरे काफी हुन्छ ।

प्रधानमन्त्री ओलीले त्रिविको अनौपचारिक सिनेटमा आफूलाई विश्वविद्यालयबाट व्यक्तिगतरुपमा लिनुदिनु (लाभहानी) केही नभएको स्पष्ट गर्दै त्रिविको विकास, रक्षा, प्रवर्द्धन र प्रगति नै साझा चिन्तन हुने भएकाले यसको मर्यादा, गरिमा र साखलाई जोगाउन सबैलाई आग्रह गर्नुले कुलपति पद प्रधानमन्त्री वा विश्वविद्यालय कसका लागि बढी आवश्यक हो भन्ने स्पष्ट हुन्छ । "त्रिविको शैक्षिक क्यालेण्डर पालना हुनुपर्छ । अनौपचारिक बैठक भएपनि यसलाई निर्देशन नै मान्दा हुन्छ । विश्वविद्यालयमा पारदर्शीता हुनुपर्छ । मेरिटोक्रेसी कायम हुनुपर्छ । उत्कृष्ट भएकालाई उत्कृष्ट नम्बर दिइनुपर्छ । फेल भएकालाई फेल गराइनुपर्छ । मेरो भनाइ साँच्चैको मेरिटोक्रेसी होस् भन्ने हो । मलाई कुन डीनको कति मेरिटोक्रेसी छ मलाई थाहा छैन । को नियुक्त हुन्छ, त्यो मेरो रुचिको विषय होइन, मेरो रुचिको विषय यो विश्वविद्यालय सबल होस्, सक्षम जनशक्ति उत्पादन हुन् भन्ने हो । नियुक्तिहरुमा मेरो कुनै हस्तक्षेप हुँदैन । निर्णय गर्ने पदाधिकारीले हो, त्यसकारण सफलता र असफलताको जस तपाईंहरुले लिनुपर्छ । कुलपतिका हैसियतले राम्रो गर्नुस् भन्ने मात्रै मेरो चासो हो । यसलाई पनि हस्तक्षेप मानिए त आश्चर्यबाहेक अरु के मान्न सकिन्छ र ?" प्रधानमन्त्रीको यो भनाइले हस्तक्षेपलाई सङ्केत गर्छ ?

त्यसो त, आवश्यक कुरामा कुलपतिले समय-समयमा निर्देशन नदिने हो भने कुलपति नै रहेको केही सार रहन्न । यसबीचमा विभिन्न विश्वविद्यालयमा रिक्त पद छनोट समितिको सिफारिका आधारमा परिपूर्ति भएका छन् । उपकुलपतिले पद तथा गोपनीयताको सपथ लिने नयाँ व्यवस्था पनि गरिएको छ । लामो समयदेखि सिनेट हुन नसकेका मध्यपश्चिम विश्वविद्यालय र पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानलगायतका सभा सम्पन्न भएका छन् । कतिपयका सिनेट बैठकबाट त्यस संस्थामा भइरहेका बेथिति र समस्याका विषयमा नीतिगत एवं उच्चस्तरको मार्गदर्शन उपलब्ध भएको छ, जसले गर्दा सरकारका सम्बन्धित निकायसँग ती संस्थाको सम्बन्ध विस्तारमा पनि सहजता भएको छ । यद्यपि विश्वविद्यालयहरुले कुलपतिको पाउनुपर्ने जति समय नपाएर निर्णय कार्यान्वयनमा सहजता नभएको अनुभव गरिरहेको देखिन्छ ।

कुलपति र सहकुलपतिलाई बढी सक्रियता देखाउन भनिएको छ । चाहिएको समयमा सँधै हाजिर हुने वा नचाहिएको समयमा पनि कार्यकारी पदाधिकारीलाई खै गर्ने कुलपति खोजिएको पक्कै होइन तर उलकुलपति र पदाधिकारीहरु विवाद वा जोखिम हुन सक्ने मानिएका विषयमा खुल्ला प्रतिस्पार्धाबाट छानिएका पदाधिकारीहरु पनि आफू मात्रै निर्णयको सारथि हुन चाहँदैनन् । प्रधानमन्त्री कुलपति हुँदाको अवस्थामा शिक्षा, अर्थ, स्वास्थ्यजस्ता सरोकार भएका मन्त्रालयका सचिव पदेन सिनेटर रहने र कतिपय अन्योल भएका विषयमा पदाधिकारी र कर्मचारीतन्त्रको माथिल्लो तहसँग सिधै संवाद हुने यो अवसरलाई विश्वविद्यालय र प्रतिष्ठानहरुले उपयोग गर्न सक्नुपर्छ । आर्थिक वर्ष लाग्नुपूर्व नै यस्ता विश्वविद्यालय र प्रतिपष्ठानका सभा बैठक सम्पन्न भएर आगामी आर्थिक वर्ष नीति कार्यक्रम र बजेट पारित गर्न कुलपतिको मार्गदर्शनले आगामी आर्थिक वर्षका यी संस्थाहरुमा संस्थागत विकास र सुशासनमा सकारात्मक प्रभाव पर्ने देखिएको छ ।

नयाँ स्थापना गरिएका मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय, विदुषी योगमाया आयुर्वेदिक विश्वविद्यालय र नेपाल विश्वविद्यालयमा कुलपति/सहकुलपतिको व्यवस्था हटाएर बोर्ड अफ ट्रष्टीको संरचना राखिएको छ । प्रदेश विश्वविद्यालयका रुपमा गण्डकी विश्वविद्यालयले विज्ञलाई नै कुलपति राखेको छ । मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालयमा अध्यक्ष डा राजेन्द्रध्वज जोशी र नेपाल विश्वविद्यालयमा सर्वोच्च निकाय संरक्षक परिषद्को कुलपति डा विन्दुनाथ लोहनी नियुक्त हुनुभएको छ । यसरी कुलपतिमा प्रधानमन्त्री नरही स्थापित संस्थाको विस्तृत लेखाजोखा गर्ने समय आइसकेको छैन । यस्ता विश्वविद्यालयमा पूर्वाधार विकास समितिका लागि लागेका थिए, तिनै उपकुलपति हुने प्रवृत्तिको अर्कै कथा छँदैछ । नेपाल प्रज्ञा प्रतिष्ठानसहित तीन प्रज्ञा प्रतिष्ठानमा पनि प्रधानमन्त्री प्रमुख संरक्षक रहेर साहित्यिक क्षेत्रका व्यक्ति नै कुलपति हुने प्रबन्ध हुँदै आएको छ । यी प्रतिष्ठानको समग्र हितका लागि प्रधानमन्त्री कुलपति हुँदा सिँधै सरकार प्रमुखसँग सम्पर्क हुन्थ्यो भने अहिले संस्कृति मन्त्रालयको शाखा महाशाखामा पुगेर बजेट र कार्यक्रमबारेको समन्वय गर्नुपर्दा पदाधिकारीलाई अहसहजता भइरहेको होला ?

उपकुलपति छनोटमा खुल्ला प्रतिस्पर्धा आफैमा राम्रो विधि हो तर प्रतिस्पर्धाका नाममा सिफारिस समितिले छनोटको कार्यविधि संशोधनकामा आफूखुसी मापदण्ड बनाउने, प्रस्तुति र अन्तर्वार्ताका क्रमपछि प्राप्ताङ्कहसति प्रतिवेदनका आधारमा सिफारिस गर्न नसक्ने समस्या पनि देखिएका छन् । खुला प्रतिस्पर्धामा पनि स्वाभिमानी मान्छेले आवेदन दिँदैन भन्ने सवाल पनि उत्तपन्न भएको छ । काठमाडौँ विश्वविद्यालय हालैको एक ज्वलन्त उदाहरण हो । लामो समयसम्म उपकुलपति सिफारिस हुन नसकी सर्च कमिटीभित्रका विवाद छताछुल्ल भए । यस्तोमा कुलपतिले विवेकसम्मत हस्तक्षेप गर्नुपर्छ भन्ने आवाज उठेको थियो । तर कुलपतिले सकेसम्म छनोट समितिभित्रै र विधिसम्म प्रक्रियाबाट टुङ्गो लगाउन पहल गर्नुभयो । निकास ननिस्किए पुनः सिनेट राखेर भए पनि उपकुलपति पदपूर्ति छिटो गराउने उहाँको तयारी थियो । त्यही बीचमा छनोट समिति र सदस्यद्वयका फरक फरक सिफारिसमा परेका तीनमध्येबाट उक्त विश्वविद्यालयका उपकुलपति नियुक्ति भएको छ । यसरी कुलपतिका हैसियतले प्रधानमन्त्रीले निकास निकास दिँदा हस्तक्षेप भएको मान्ने कि नमान्ने ?

काठमाडौँ विश्वविद्यालय र धुलिखेल अस्पतालबीचको लामो विवाद कुलपतिकै पहलबाट समझदारीमा समाधान भएको विषयलाई पनि हस्तक्षेप मान्ने ? निजी मेडिकल कलेजले पोष्टग्राजुएट विद्यार्थीका लागि निर्वाह भत्ता बढाउन सहमत नभएको र विद्यार्थीहरु आन्दोलनमा उत्रिएको अवस्थामा अध्यक्षका हैसियले प्रधानमन्त्री ओलीले पटक पटक चिकित्सा शिक्षा आयोगको बैठक डाक्नु तथा शिक्षा र स्वाथ्यमन्त्री तथा सरोकार भएका पक्षसँग कैयौ पटक अनौपचारिक छलफल गर्नु सकारात्मक र आवश्यक हस्तक्षेप हो ।

विकसित मुलुकका कुलपतिले विश्वविद्यालयमा उपकुलपतिका नियुक्ति गर्नु भनेको 'मैले छानेको मान्छेले गडबडी गरेमा म जिम्मेवारी लिन्छु' भन्ने अर्थ हेरिन्छ । नेपालजस्ता अस्थिर राजनीति भएका मुलुकमा सरकार परिवर्तन भइरहने हुँदा कसको जिम्मा कस्ले लिने भन्ने प्रश्न खडा हुन्छ ।

# गिरिजाबाबुले नै हो 'राजा' फालेको



डा शोभाकर पराजुली

२०६३ साल जेठतिर । जनआन्दोलनको रापताप सेलाइसकेकै थिएन । जेठ ४ गते पुनःस्थापित प्रतिनिधिसभाले सारा अधिकारहरू कटौती गरेर तत्कालीन 'राजा' ज्ञानेन्द्र शाहलाई 'निलम्बन' गरेको थियो। राजा निलम्बन अर्थात् 'अधिकारविहीन' भएको अनि राष्ट्रपति नभइसकेको त्यो समय गिरिजाप्रसाद कोइराला नै राष्ट्राध्यक्षको रुपमा हुनुहुन्थ्यो । नेपालको राजनीतिक इतिहासमा त्यो पहिलोपटक भइरहेको जहाँ एक सामान्य नागरिक राष्ट्रप्रमुख र सरकार प्रमुख भएर राजकाज चलाइरहेको थियो । विश्व राजनीतिक इतिहासमा पनि त्यो अलि दुर्लभ अनि मौलिक तरिका थियो ।

माओवादीलाई पनि संसदीय राजनीतिमा ल्याउनका लागि गिरिजाप्रसाद कोइराला आफ्नो सारा राजनीतिक जीवन नै दाउमा लगाउनुभएको थियो । 'गणतन्त्र' को बटमलाइनबाट टसमस नभइरहेको माओवादी १० वर्षसम्म राज्यविरुद्ध लडेर आएको एउटा विद्रोही राजनीतिक पार्टी थियो । लामो समय हतियार युद्ध लडेको पार्टीलाई सम्हाल्न आफैँमा धरै चुनौतीहरू थिए । त्यसमा पनि 'राजा फाल्ने' विषय भनेको कम्ती चुनौतीपूर्ण थिएन । राजा राख्ने कि नराख्ने भनेर दलहरू आफैमा विभाजित थिए । माओवादी जसरी भए पनि राजा फाल्ने जिद्दीमा थियो । अरु पार्टीहरू 'हो'मा 'हो' मिलाउँथे । तर सबैले त्यसका लागि 'गिरिजाबाबु' को निर्णय पर्खिरहेका थिए । तर त्यसबारेमा गिरिजाबाबु खुलेर बोल्नभएको थिएन ।

त्यसअघि नै माओवादी झस्किसकेको थियो । २०६२ साल कात्तिक ७ गते सात तत्कालीन राजनीतिक दल र सशस्त्र युद्धरत नेकपा माओवादीबीच भएको सात १२ बुँदे समझदारीमा 'निरङ्कुश राजतन्त्रको अन्त्य' भनेर लेखिएको थियो । त्यो बुँदामा माओवादीका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डलाई मनाउन निकै धौ-धौ भएको थियो । त्यसका लागि गिरिजाबाबुले निकै मेहनत पनि गर्नुभयो । प्रचण्ड जी त 'त्यो हुँदै हुन्न' भनेर सात पटक सम्म संवाद छोड्नुभएको थियो । तर गिरिजाबाबुले 'निरङ्कुश राजतन्त्रको अन्त्य' भनेकै 'राजतन्त्रको अन्त्य' हो भनेर व्याख्या गर्नुभयो ।

त्यो बेला तत्कालीन जनमोर्चाका अमिक शेरचनजी र नेमकिपाका नारायणमान बिजुक्छेले भन्नु भएको थियो 'गिरिजाबाबुसँग हाम्रा कतिपय असहमति छन् । विचारमा बेमेलहरू होलान् र उहाँले जनता राष्ट्रघातका पक्षमा कहिल्यै सम्झौता गर्नुहुन्न भन्ने विश्वास हामीलाई छ । त्यही आधारमा हामी हस्ताक्षर गर्छौं ।" उहाँहरू अहिले पनि जीवितै हुनुहुन्छ । सातबुँदे सहमतिमा भने नेमकिपाका प्रेम सुवालले हस्ताक्षर गर्नुभएको छ । ऐतिहासिक शान्ति सम्झौताको प्रस्थान विन्दु मानिने त्यो १२ बुँदे समझदारीको ३ नम्बर बुँदामा यस्तो लेखिएको छ ।

'देशले आज सशस्त्र द्वन्द्वको सकारात्मक समाधानका साथ स्थायी शान्ति स्थापनाको माग गरेको छ । त्यसैले हामी निरङ्कुश राजतन्त्रको अन्त्य र उक्त प्रक्रियागत आधारमा आउने संविधानसभाको निर्वाचन र पूर्ण लोकतन्त्र स्थापनाको अग्रगामी राजनीतिक निकासद्वारा देशमा विद्यमान सशस्त्र द्वन्द्वको अन्त्य गरी स्थायी शान्ति स्थापना गर्न दृढ सङ्कल्पित छौँ । यस प्रक्रियाद्वारा शान्तिपूर्ण नयाँ राजनैतिक धारमा अघि बढ्न नेकपा-माओवादी) प्रतिबद्धता व्यक्त गर्दछ । यसै सन्दर्भमा निरङ्कुश राजतन्त्रको अन्त्य पछि हुने संविधानसभाको निर्वाचनको क्रममा माओवादी सशस्त्र शक्ति र शाही सेनालाई संयुक्त राष्ट्रसङ्घ वा भरपर्दो अन्तरराष्ट्रिय सुपरिवेक्षणमा राख्ने, निर्वाचनलाई स्वतन्त्र र निष्पक्ष ढङ्गले सम्पन्न गर्ने र निर्वाचनको परिणामलाई स्वीकार्ने समझदारी भएको छ । वार्ता प्रक्रियामा भरपर्दो अन्तरराष्ट्रिय समुदायको संलग्नतालाई हामी अपेक्षा गर्दछौं ।'

यही बुँदामा उल्लेख गरिएको 'निरङ्कुश राजतन्त्रको अन्त्य' भन्ने ठाउँमा 'राजतन्त्रको अन्त्य' मात्रै लेख्न चाहन्थ्यो माओवादी । आज पनि त्यही आधारमा २०६२/०६३ को जनआन्दोलनको राजतन्त्रकै अन्त्य गर्ने मनसाय थिएन भन्ने भाष्यहरू निर्माण भएका छन् । तर गिरिजाबाबुले त्यो बेला निकै सोचीसम्झी त्यो शब्द राख्नुभएको थियो । २४० वर्षसम्म अविछिन्न एउटा शासक वर्गकै अन्त्य कम्ता चुनौतीपूर्ण थिएन । देश आन्तरिक 'गृहयुद्ध' ले थिलथिलो भइसकेको थियो । त्यसैले गिरिजाबाबु थप रक्तपात चाहनुभएको थिएन । सिधै राजा र राजसंस्थाकै अन्त्य गर्ने भनिएपछि त्यसबाट अनेकथरि प्रतिक्रान्ति हुनसक्थ्यो वा रक्तपात हुनसक्थ्यो । सदियौँदेखि दरबारप्रति बफादार र उत्तरदायी भएर बसेको नेपाली सेनाभित्रै त्यसले विद्रोह पनि निम्त्याउनसक्थ्यो । यद्यपि त्यो बेला अन्तरराष्ट्रिय समुदाय दलहरूको लोकतान्त्रिक आन्दोलनको पक्षमा थियो । र, पनि त्यसका कैयौँ आन्तरिक अवशेषहरू थिए । जो राजा र राजसंस्थाप्रति निकै बफादार थिए ।

त्यो समझदारीसँगै माओवादी पनि हतियार बिसाउन तयार भयो । जनआन्दोलनको बेग थाम्न नसकेर राजा ज्ञानेन्द्रले प्रतिनिधिसभा पुनःस्थापनाको घोषणा गरे । त्यही पुनःस्थापित प्रतिनिधिसभाले राजाका सबै संवैधानिक अधिकारहरू कटौती गरिदियो । राजा निलम्बित अवस्थामा पुगे । गिरिजाबाबु राष्ट्राध्यक्षको जिम्मेवारीसहित अन्तरिम सरकारका प्रधानमन्त्री हुनुभयो । तर 'राजा फाल्ने' कुरामा गिरिजाबाबु निकै समय मौन रहनुभयो । थप रक्तपात नहोस् भनेर तत्कालका लागि 'बेबि किङ'को अवधारणामा समेत पुग्नुभयो । उहाँ आफैले त्यो कुरा सुरुमा बोल्नुभएन । पुत्री सुजाता कोइरालालाई विराटनगरमा उहाँले त्यो प्रस्तावबारे बोल्न लगाउनुभएको थियो । तर तत्कालीन राजा ज्ञानेन्द्रले त्यो प्रस्तावलाई सिधै अस्विकार गरिदिए । त्यो प्रस्ताव लिएर जाने दरबारका प्रतिनिधिलाई उनले निकै हपारेको कुरा पछि गिरिजाबाबुले सुनानउनुभएको थियो । यद्यपि राजतन्त्र राख्ने वा नराख्ने भन्ने कुरा संविधानसभाको पहिलो बैठकले निर्णय गर्ने भनेर संविधानमा लेखिएको थियो । पुनःस्थापित प्रतिनिधिसभाले राजाका उत्तराधिकारीबारे एउटा विधेयक पनि पारित गरिसकेको थियो । जसमा 'राजाका छोरा वा छोरी'मध्ये जसलाई पनि गद्दीको उत्तराधिकारी बनाउन सकिने भन्ने थियो । त्यसैका आधारमा गिरिजाबाबुले 'बेबी किङ'को अवधारणा बनाउनुभएको थियो । तर ज्ञानेन्द्रले फेरि उहाँको प्रस्ताव रिजेक्ट गरिदिए । त्यसपछि नै गिरिजाबाबुले 'इनफ इज इनफ' भन्दै 'अब त हुँदै हुन्न' अर्थात् यी 'राजा रहन्नन्' भन्नुभएको थियो । त्यतिमात्रै होइन गिरिजाबाबु र राजा नहुँदैदेखि ज्ञानेन्द्रबीच जहिल्यै तनावपूर्ण सम्बन्ध थियो। त्यसमा व्यक्तिगत, कतिपय पारिवारिकर राजनीतिक विषयहरू पनि थिए ।

२०५८ साल असार २८ गते भएको 'होलेरी काण्ड'ले ज्ञानेन्द्र गिरिजाबाबुबीच दूरी झन् बढेको थियो । त्यो बेला तत्कालीन माओवादीले नियन्त्रणमा लिएका ७२ जना प्रहरीलाई छुटाउनका लागि सरकारले सेनाको सहयोग मागेको थियो । तर दरबार सेना दिन तयार भएन । त्यसका लागि गिरिजाबाबु पटक पटक दरबार जाने प्रयास पनि गर्नुभयो । तर ज्ञानेन्द्रले झुलाइरहे । र, निकै अपमान गरे । त्यो मिसन सफल नभएपछि गिरिजाबाबुले राजीनामा दिनुभयो । र 'ज्ञानेन्द्रको अनुहारै नहेर्ने' भन्नुभएको थियो । त्यसपछिका दिनमा लगभग त्यस्तै भयो पनि उहाँले ज्ञानेन्द्रको अनुहार हेर्नैपरेन । जनआन्दोलनबाट फर्किएको संसद्को बलियो सरकारका तर्फबाट पठाएको प्रस्ताव पनि निलम्बित राजाले स्विकार गरेनन् । त्यसपछि प्रस्ट थियो, गिरिजाबाबु राजसंस्था बचाउने पक्षमा रहनुभएन । गिरिजाबाबुले नचाहेको भए देश सायद अर्कै अवस्थामा हुन्थ्यो होला ।

# प्राथमिकताको आधारमा योजना छनोट गरिने



काठमाण्डु । उपप्रधान तथा शहरी विकास मन्त्री प्रकाशमान सिंहले आगामी योजना छनोट गर्दा प्राथमिकताको आधारमा मात्रै गरिने बताउनुभएको छ ।

बुधबार सङ्घीय संसद राष्ट्रिय सभाअन्तर्गत सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिको २६९औँ बैठकमा बोल्दै उहाँले भन्नुभयो, "सरकार परिवर्तन भइरहन्छ । जुन मन्त्री आउँछन् आफ्नै क्षेत्रमा मात्रै योजना पार्न चाहन्छन् । पहुँचको आधारमा योजना बनाउने होइन, अब प्राथमिकता हेरेर मात्रै योजना छनोट गरिन्छ ।" छलफलको क्रममा उहाँले वागमती, धोवीखोला, बिष्णुमतीलगायतका उपत्यकाका नदी प्रदुषणले नदीको सौन्दर्यता बिगारेकाले नदी सुधार आयोजनालाई प्रभावकारी रूपमा अगाडि बढाउने बताउनुभयो ।

छलफलमा मन्त्रालयका निमित्त सचिव पदमकुमार मैनालीले मन्त्रालयको प्रगति विवरण प्रस्तुत गर्दै हालसम्म ८३ हजार ५२० लाभग्राहीको आवासलाई जस्तापाताको छानाले प्रतिस्थापन गरिएकामा आव ०८०/८१ मा मात्र ३१ हजार ५२० लाभग्राहीको कार्य सम्पन्न भएको जानकारी गराउनुभयो । "२ वटा जग्गा एकीकरण आयोजना (खुर्कोट र चौरजहारी) को जग्गा प्राप्ति भएको, बसन्तपुर जग्गा एकीकरण आयोजनाको सहमति भइ पूर्वाधार निर्माण अगाडि बढेको छ," उहाँले भन्नुभयो, "नयाँ शहर आयोजना कार्यालय बसन्तपुर र भेरीगंगाको भवन निर्माण सुरू भएको छ भने अन्य ४ वटाको तल्ला थप भएको र चौरजहारी बहुउद्देश्यीय सभाहल निर्माण भइरहेको छ ।"

उहाँका अनुसार क्षेत्रीय शहरी विकास आयोजनाअन्तर्गत शुक्लाफाँटा, गोदावरी र धनगढी नगरपालिकामा स्थानीय तहको समेत समन्वयमा फोहरमैला व्यवस्थापन कार्यक्रम सञ्चालन भइरहेको छ । यसैगरी बन्चरेडाँडा स्यानिटरी ल्याण्डफिल साइट दीर्घकालिन रूपमा फोहोरमैला व्यवस्थापन गर्न सकिने गरी निर्माण भइ फोहोर विसर्जन सुरू भइसकेको मैनालीले जानकारी दिनुभयो ।

"यसैगरी सङ्घीय संसद भवनको भौतिक प्रगति ८१ प्रतिशत सम्पन्न भएको छ । सिंहदरवार पश्चिम, बबरमहल, केशरमहल भवन प्रवलिकरण भएको छ," उहाँले भन्नुभयो, "आव ०८०/८१ मा निर्माण सम्पन्न भएका सभाहलहरू मध्ये कालिकास्थान-रसुवा सौराहा सभाहल-चितवन, दमौली-तनहुँ, महेन्द्र नारायण निधि-धनुषा रहेका छन् । बाँकी पाँच वटा निर्माणको चरणमा छन् ।"

मैनालीका अनुसार १० वटा नयाँ शहर मध्ये आठ वटामा जग्गा विकासको कार्य अगाडी बढेको र बसपार्क हाटबजार सार्वजनिक पार्कलगायतका विभिन्न पूर्वाधार निर्माण भएका छन् । समितिका सभापति मायाप्रसाद शर्माले आवश्यकताका आधारमा योजना बनाउन र बनेका योजनाका प्रभावकारी कार्यान्वयन गर्न मन्त्रालयलाई सुझाव दिनुभयो ।

समितिमा नरबहादुर बिष्टले जनता आवास कार्यक्रमलाई राष्ट्रिय गौरवको आयोजनाको रूपमा अगाडि बढाउन सुझाव दिनुभयो ।

यसैगरी सांसद सुमित्रा बिसीले संसद भवनको कार्य छिटो सम्पन्न गर्न सुझाव दिनुभयो । सांसद गोदेवी तिमिल्सेनाले विपद्मैत्री पूर्वाधार निर्माणमा जोड दिनुभयो । सांसद मदनकुमारी शाहले वातावरणमैत्री नयाँपूर्वाधारनिर्माणहुनुपर्नेबताउनुभयो। सांसदहरूश्रीकृष्णप्रसाद अधिकारी र युवराज शर्माले प्रभावकारी रूपमा योजना सम्पन्न गर्न सुझाव दिनुभयो ।रासस

# समसामयिक विषयमा सरकारको ध्यानाकर्षण



काठमाण्डु । प्रतिनिधिसभाको बुधबारको बैठकमा सांसदहरूले पुल निर्माण, कृषि क्षेत्रमा मलको व्यवस्था, आगालागी नियन्त्रण र बालसुधार गृहलाई सुधार गृहका रूपमा व्यवस्था गर्नुपर्नेलगायत समसामयिक विषयमा सरकारको ध्यानाकर्षण गराउनुभएको छ ।प्रतिनिधिसभाको शून्य समयमा सांसद भगवती चौधरीले सुनसरीको जोगवनी भन्सार नाकाबाट दैनिक ठूलाठूला ट्रक हिड्दा उक्त सडक क्षतिग्रस्त भएकाले यथाशीघ्र निर्माण तथा मर्मत गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद भानुभक्त जोशीले गत दुई आर्थिक वर्षमा गाँजा खेतीलाई औषधिजन्य प्रयोजनका लागि कानुनी व्यवस्था गर्ने भनिए पनि अहिलेसम्म कानुन नबनेकोप्रति सरकारको ध्यानाकर्षण गराउँदै गाजाँबाट उत्पादित औषधिबाट विभिन्न रोगको उपचार हुने, तेल र कपडा पनि बनाउन सकिने भएकाले यथाशीघ्र कानुन मनाउन माग गर्नुभयो । सांसद भीमप्रसाद आचार्यले मुलुकको आर्थिक अवस्था सुधार, युवाको विदेश पलायनदर रोक्न, राजस्व सङ्कलनमा वैकल्पिक मार्ग खोज्नुपर्ने र वैदेशिक सहायतको विकल्प खोज्न सरकारले ध्यान दिनुपर्ने माग गर्नुभयो ।

सांसद मनिष झाले ६५ वर्ष अघि जनकपुर विमानस्थलको निर्माण भएको बताउँदै दैनिक १६ वटा उडानमा करिब आठ सय ४२ जनाले यात्रा गरिरहेका भएपनि धावनमार्ग सानो हुँदा ठूला विमान जान नसक्ने बताउनुभयो । उहाँले उक्त धावनमार्ग विस्तार गरी त्यहाँको धार्मिक पर्यटन प्रवर्द्धन गरी स्थानीयको आर्थिकस्तर वृद्धि गर्नुपर्नेमा जोड दिनुभयो । सांसद महेन्द्रबहादुर शाहीले स्थानीय सरकारको कार्यसम्पादनका लागि आवश्यक कर्मचारी नभएकाले हिमाली जिल्लामा काम गर्न नसकिएको, कतिपय स्थानमा कर्मचारी नहुँदा सर्वसाधारण मर्कामा परेकाप्रति सरकारको ध्यानाकर्षण गराउन सभामुखमार्फत रुलिङ गर्न माग गर्नुभयो ।

सांसद महेशकुमार बर्तौलाले शिक्षकहरूको वृद्धि विकास २०-२१ वर्षसम्म नभएकोप्रति सरकारको ध्यानाकर्षण गराउँदै शिक्षकको समयमा वृद्धि विकास गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो ।सांसद महेश बस्नेतले गत फागुन १३ गते इलाम जस्मिरे चिया प्रशोधन कार्यालयमा आगलागी हुँदा कारखाना नष्ट भई रु चार करोड मूल्य बाराबारको उत्पादित चिया क्षति भएको, तीन सयभन्दा बढी किसानले काम गर्ने बगानमा रु सात लाख बराबरको क्षति भएकोप्रति सरकारको ध्यानार्षण गराउनुभयो ।

सांसद मेटमणि चौधरीले सिमेन्ट र डन्डीको मूल्य अत्याधिक वृद्धि हुँदा आमउपभोक्ता समस्यामा परेकाप्रति सरकारको ध्यानाकर्षण गराउनुभयो । सांसद मेनुकाकुमारी पौखरेलले विद्यार्थीको परीक्षा भइरहेको अवस्थामा बारम्बार बत्ती जाने समस्याले पढाइमा कठिनाइ हुना भन्दै नियमित विद्युत् आपूर्तिको व्यवस्था गर्न सम्बन्धित निकायको ध्यानाकर्षण गराउनुभयो ।सांसद मैना कार्कीले विसं २०८० असोजमा सङ्घीय सरकार र नेपाल शिक्षक महासङ्घबीच सम्झौता भए पनि हालसम्म विद्यालय शिक्षा ऐन जारी नभएकोप्रति सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद मङ्गलप्रसाद गुप्ताले विगत दुई वर्षदेखि भारत र अन्य देशबाट एसइई तथा प्रवीणता तहबाट पास भएर आएकालाई पाठ्यक्रम विकास केन्द्र सानोठिमीले समकक्षी प्रमाणपत्र प्रदान नगर्दा उच्च शिक्षा तथा जागिरमा बाधा भएकोप्रति सरकारको ध्यानाकर्षण गराउनुभयो ।सांसद योगेशकुमार भट्टराई ताप्लेजुङमा पाँच हजार नौ सय २६ व्यवसायी स्थायी लेखा नम्बर (प्यान)मा दर्ता भएर सञ्चालन भइरहेका र यसबाट रु ५० करोड जति राजस्व उठने गरेको जानकारी गराउँदै एउटा करदाता कार्यालय खोल्न सदनमार्फत सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद रघुजी पन्तले विदेशबाट आउँदा आवश्यक सुन वैद्य रूपमा ल्याउन नसकिएको हो भने खुला गर्नुपर्ने माग राख्दै नेपालमा सुन तस्कार हुन्छ भन्ने सन्देश अन्तरराष्ट्रियस्तरमा जान नहुने आधार बनाउनुपर्नेमा जोड दिनुभयो । उहाँले सुन तस्कर गर्नुका आर्थिक आधार केके छन् स्पष्ट पार्नुपर्नेमा सरकारको ध्यानाकर्षण गराउनुभयो ।सांसद रणकुमारी बलम्पाकी मगरले एसइई परीक्षा भोलिदेखि सुरु हुन गइरहेकाले शान्तिपूर्ण वातावरणमा परीक्षा सञ्चालन गर्न माग गर्दै सम्पूर्ण विद्यार्थीलाई परीक्षाका लागि शुभकामना व्यक्त गर्नुभयो ।

सांसद रमा कोइराला पौडलले प्रतिनिधिसभाको नियमावलीमा महिला समन्वय समितिको व्यवस्था गरिए पनि अहिलेसम्म गठन नगरेको हुनाले तत्काल यो समिति गठन गर्न माग गर्नुभयो । सांसद राजेन्द्रकुमार केसीले पूर्वपदाधिकारीले आर्थिक सेवासुविधा नलिएर सदाजीवन बिताउँदा जनताको विश्वास अझ बढ्ने बताउनुभयो ।सांसद राजेन्द्रकुमार राईले २०७४ सालमा प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकार हुँदा धनकुटामा खरको छाना विस्तापित गरी टिनको छाना लगाउने निर्णयअनुसार तीन हजार घरमा काम भएको तर चार हजार घरमा टीनको छाना लगाउने काम नभएकोप्रति सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद रामप्रकाश चौधरीले केही समयमा वर्षायाम सुरु हुने भन्दै सर्लाही जिल्लामा विभिन्न स्थानमा पुल बनाउनुपर्ने जरुरी रहेकाले तत्काल पुल निर्माणमा सरकारले ध्यान दिन आग्रह गर्नुभयो ।

सांसद रुक्मिणी राना बराईलीले सरकारले उपभोक्ता अदालत गठन गरी उपत्यकाका तीन जिल्लाका उपभोक्ताको अधिकार संरक्षण भएको बताउँदै अब ७७ जिल्ला र सबै स्थानीय तहमा उपभोक्ता अदालत जरुरी रहेकामा जोड दिनुभयो । सांसद लक्ष्मी तिवारीले बालसुधार गृहले बालकालिकलाई सुधार गर्नुपर्ने अवस्थामा अझ विगारको देखिएकाले त्यसलाई सुधार गर्न माग गर्नुभयो ।

सांसद लालप्रसाद सावा लिम्बु र लालबीर चौधरीले कृषकलाई मकै र चैते धनबालीमा आवश्यक पर्ने मल अभाव भएकाले यथाशीघ्र उपलब्ध गराउन माग गर्नुभयो ।

सांसद बिजुली रायमाझीले आगलागीको समस्या देशभर भएको बताउँदै अर्घाखाचीको मालारानी गाउँपालिकाका विष्णु भुसालको घर, गोठ जलेर नष्ट भएकाले निजलाई क्षतिपूर्ति दिन माग गर्नुभयो । उहाँले आगामी दिनमा आगालागीबाट बच्न सम्बधित निकायले ध्यान दिनुका साथै तयारीका लागि माग गर्नुभयो ।रासस

# स्वास्थ्यसम्बन्धी जरूरी सार्वजनिक महत्त्वको प्रस्ताव पेश



काठमाण्डु । प्रतिनिधिसभा बैठकमा सांसद डा सुनीलकुमार शर्माले स्वास्थ्य सेवा सुधार तथा सर्वसुलभ उपचारको सुनिश्चिततासम्बन्धी जरूरी सार्वजनिक महत्त्वको प्रस्ताव पेश गर्नुभएको छ ।

प्रतिनिधिसभाको बुधबारको बैठकमा नेपालका नागरिकहरूका लागि गुणस्तरीय स्वास्थ्य सेवा पहुँचयोग्य बनाउन आवश्यक नीति तथा कार्यक्रम लागू गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो । सांसद डा शर्माले विशेषगरी, ग्रामीण भेगका नागरिकहरूलाई स्वास्थ्य सेवामा समान पहुँच दिन, स्वास्थ्य बीमाको दायरा बढाउन र सरकारी अस्पतालहरूको सेवा प्रभावकारी बनाउन ठोस उपाय आवश्यक रहेको स्पष्ट पार्नुभयो ।

उक्त प्रस्तावमा स्वास्थ्य क्षेत्रमा वित्तीय लगानी वृद्धि, दूरदराजका क्षेत्रमा चिकित्सक र स्वास्थ्यकर्मीको पर्याप्त व्यवस्थापन, औषधि आपूर्तिको प्रभावकारी प्रणाली र सर्वसुलभ उपचार सेवा सुनिश्चित गर्ने कानुनी संरचना तयार गर्नुपर्ने कुरामा विशेष ध्यान दिनुपर्ने उल्लेख गरिएको छ। प्रस्तावमा स्वास्थ्य सेवा सुधारका गर्न स्वास्थ्य बीमाको पहुँच विस्तार गरी नेपालका सबै नागरिकलाई सरकारी स्वास्थ्य बीमाको दायरामा ल्याउने योजना, सरकारी अस्पताल सुधार-ग्रामीण तथा दुर्गम भेगमा रहेका अस्पतालहरूमा आवश्यक जनशक्ति र उपकरणको व्यवस्था गर्नुपर्ने रहेको छ ।

त्यस्तै, निःशुल्क आधारभूत उपचार-विपन्न नागरिकलाई प्रमुख रोगको निःशुल्क उपचार उपलब्ध गराउने नीति हुनुपर्ने, औषधि आपूर्ति व्यवस्थापन-सरकारी अस्पतालहरूमा औषधि अभाव हटाई नियमित आपूर्ति सुनिश्चित गर्ने योजना रहेको प्रस्तावमा उल्लेख छ ।

निजी स्वास्थ्य संस्थासँग साझेदारी-सर्वसुलभ उपचारको लागि निजी अस्पतालहरूसँग सहकार्य गरी नागरिकलाई सेवा दिने प्रणाली विकास गर्ने उक्त प्रस्तावको मुख्य उद्देश्य रहेको छ ।

प्रस्तावलाई विभिन्न दलका सांसदको समर्थन प्राप्त भएको छ । प्रस्तावलाई समर्थन गर्नेहरूमा राष्ट्रिय स्वतन्त्र पार्टीका प्रमुख सचेतक सन्तोष परियार, नेकपा (एकीकृत समाजवादी) का नेता मेटमणि चौधरी, नेकपा (माओवादी केन्द्र)का नेता छिरिङ डम्डुल लामा, जनता समाजवादी पार्टी (जसपा) की नेत्री रेखा यादव र दीपक कार्की, स्वतन्त्र सांसद अमरेशकुमार सिंह, नेकपा (एमाले)का नेता अमर रायमाझी र जनता समाजवादी पार्टी नेत्री रन्जु झा, नेपाली कांग्रेसका राजेन्द्र बजगाई र देवप्रसाद तिमल्सिना रहनुभएको छ ।सांसद डा शर्माले जनस्वास्थ्य सुधारमा सरकारले ध्यान दिनुपर्ने र स्वास्थ्य सेवा मौलिक हकअन्तर्गतपर्ने भएकाले सरकारको दायित्वको रूपमा यसलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्ने बताउनुभयो । उहाँले उक्त प्रस्तावका विषयमा आमनागरिकको चासो बढिरहेको र योजनाहरू कार्यान्वयन भएमा लाखौँ नागरिक स्वास्थ्य सेवामा सहज पहुँच पाउने आशा गरिएको स्पष्ट पार्नुभयो ।

सांसद डा शर्माले नेपालको संविधानले व्यवस्था गरेको मौलिक हक पनि नेपालको ग्रामीण भेगमा नागरिकले उपभोग गर्न नपाएको र स्वास्थ्य बिमाबापत रु तीन हजार ५०० देखि पाँचहजारसम्म तिरेर स्वास्थ्य बिमा गरेका हुन्छन् ।

त्यो पैसाबापत पनि सरकारले पैसा दिन नसक्ने भनिरहेकोप्रति ध्यानाकर्षण गराउँदै स्वास्थ्य बिमा कार्यक्रम प्रभावकारी बनाउनुपर्नेमा जोड दिनुभयो ।

सरकार जनताप्रति उत्तरदायी हुनुपर्नेमा जरूरी भएको उल्लेख गर्दै सरकारले मृगौला समस्या भएका रु पाँच लाख दिने भने पनि इच्छाएको एक/दुईवटा अस्पतालमा मात्र दिने गर्दा नागरिकलाई असहज भएको स्पष्ट पार्नुभयो ।

उहाँले हुल्ला, पूर्व वा पश्चिम सबै नागरिकले आफुले पायकपर्ने स्थानमा स्वास्थ्य उपचार गर्न पाउनुपर्नेप्रति सरकारको ध्यानाकर्षण गराउनुभयो ।सो प्रस्तावलाई समर्थन गर्ने सांसदहरू अमरेशकुमार सिंह, सन्तोष परियार, अमर रायमाझी, मेटमणि चौधरी, छिरिङ डम्डुल लामा भोटे, दीपक कार्की, रेखा यादव रहनुभएको छ ।रासस

# राष्ट्रियसभा: समसामयिक विषयमा सांसदद्वारा सरकारको ध्यानाकर्षण



काठमाण्डु । राष्ट्रियसभाको बुधबारको बैठकमा सांसद भगवती न्यौपानेले तनहुँमा रहेका पर्यटकीय स्थलको संरक्षण गरी पर्यटन प्रवर्द्धन गर्न सरकारको ध्यानाकर्षण गराउनुभएको छ ।

बैठकको शून्य समयमा उहाँले तनहुँका कतिपय पयटकीय स्थल विश्वमा परिचित रहेकाले भानु जन्मस्थल चुँदिरम्घा, थानीमाई, मिर्लुङकोट, बन्दीपुर र देवघाटको सम्बर्द्धन र विकासका लागि सरकारसँग अनुरोध गर्नुभयो ।

सांसद मायाप्रसाद शर्माले काठमाडौँको झोर क्षेत्रबाट ना १ ख १६५२ नम्बरको ट्रकबाट करिब रु २५ करोड रकम बरामद भएको घटनालाई सरकारले निष्पक्ष रूपमा गम्भीरतापूर्वक छानबिन गर्नुपर्ने माग गर्नुभयो ।

सोमबार राति ११ बजे उपत्यका अपराध अनुसन्धान कार्यालयबाट खटिएको प्रहरीको टोलीले करिब रु २५ करोड नगदसहित एकजनालाई पक्राउ गरेको थियो ।सांसद मृगेन्द्रकुमार सिंह यादवले स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयकी सहसचिव डा सङ्गीता कौशल मिश्रमाथि सरकारले विभेद गर्न नहुने धारणा राख्नुभयो ।

सांसद शारदादेवी भट्टले नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशन कुलमान घिसिङका सम्बन्धमा ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्रीले राष्ट्रियसभामा जानकारी गराउनुपर्ने माग गर्नुभयो । उहाँले भन्नुभयो, "एक जना कर्मचारीको कारणले मुलुकमा लोड सेडिङको अन्त्य भयो भन्दैगर्दा लोड सेडिङ अन्त्य गर्न कुन सरकारले के भूमिका निर्वाह गरेको छ भन्ने विषय आमनागरिकले जानकारी पाउनुपर्छ ।"

सांसद सुमित्रा विसीले धादिङसहित मुलुकका विभिन्न जिल्लामा आगालागीका घटना भइरहेका भन्दै वन कार्यालयसहित सरोकार भएका निकायलाई सचेत हुँदै नियन्त्रणमा लाग्न आग्रह गर्नुभयो ।रासस

# दशरथचन्द विश्वविद्यालय यथाशीघ्र स्थापना गर्नुपर्ने माग

काठमाण्डु । राष्ट्रियसभाको आजको बैठकमा सांसद तारामान स्वाँरले 'सहिद दशरथचन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय' स्थापनासम्बन्धी कामलाई यथाशीघ्र अगाडि बढाउनुपर्ने माग गर्नुभएको छ ।

बैठकको शून्य समयमा उहाँले सरकारले विश्वविद्यालय स्थापना गर्ने निर्णय गरेको एक वर्षभन्दा बढी भएको भन्दै हालसम्म प्रक्रिया अघि नबढ्नु चिन्ताको विषय भएको बताउनुभयो । विश्वविद्यालय स्थापनासम्बन्धीविधेयकराष्ट्रियसभाले पारित गरेर प्रतिनिधिसभामा पठाएको बताउँदै प्रतिनिधिसभाको शिक्षा समितिमा उक्त विधेयक विचाराधीन रहेको उहाँले उल्लेख गर्नुभयो ।

सांसद स्वाँरले भन्नुभयो, "शिक्षा समितिमा विचाराधीन अवस्थामा रहेको पनि महिनौँ बितिसकेको छ, तर यससम्बन्धमा जुन तिव्रताका साथ काम हुनुपर्ने हो, त्यो हुन सकेको छैन । यसमा ढिलासुस्ती हुनुको कारण के हो ?, संसद्लाई जानकारी होस् ।"

सांसद तुलसाकुमारी दाहालले हवाई क्षेत्रलाई सुरक्षित र भरपर्दो बनाउन सरकारसँग माग गर्नुभयो । उहाँले हवाईसम्बन्धी अन्तरराष्ट्रिय महासन्धिको प्रोटोकल र अन्तरराष्ट्रिय नागरिक उड्ययनसँग सम्बन्धित मापदण्ड अनुरुप सरकारले हवाई क्षेत्रलाई व्यवस्थित गर्न हवाई नीति पारित गर्नुपर्ने बताउनुभयो । उहाँले नेपाल हवाई सेवा प्राधिकरण र नेपाल नागरिक उड्डयन क्षेत्रका दुई वटा विधेयक राष्ट्रियसभामा दर्ता भइसकेको जानकारी दिनुभयो ।

सांसद दाहालले भन्नुभयो, "सो विधेयकलाई राष्ट्रियसभाले २०७८ साल साउन १८ गते पारित गरी प्रतिनिधिसभामा पठाएको थियो, प्रतिनिधिसभाको अघिल्लो कार्यकालमा शून्यमा गएर अहिले फेरि दर्ता भएको जानकारी पाएका छौँ, यसलाई यथाशीघ्र अघि बनाउन अनुरोध गर्दछु ।" उहाँले विश्वमा हवाई सेवा भरपर्दो साधन भए पनि नेपालमा पटकपटक दुर्घटना भइरहेकाले यो समस्या समाधान गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद दाहालले हालसम्म ७१ वटा हवाई दुर्घटना हुँदा नो सय ५० जनाले ज्यान गुमाएका जानकारी दिनुभयो । उहाँले गत साउनमा सौर्य एयरलाइन्सको विमान दुर्घटना हुँदा १८ जनाले ज्यान गुमाउनु परेको उल्लेख गर्दै हवाई क्षेत्रमा लापरबाही नगर्न सम्बद्ध सबैलाई अनुरोध गर्नुभयो ।


**Government of Madhesh Province**

**Ministry of Energy,Irrigation & Water Supply**

## Water Supply and Sanitation Division Office

## Division No.1 Saptari,Rajbiraj

## Invitation for Electronic Bids

**First Date of publication: 2081/12/06 (19th March 2025)**

Water Supply & Sanitation Division Office,Saptari, Rajbiraj invites electronic bids only from Nepalese eligible bidders for following work under National Competitive Bidding procedures. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Water Supply & Sanitation Division office, Saptari, Rajbiraj, wssdosaptarino1@gmail.com, 031530036 or may visit PPMO website: www.bolpatra.gov.np/egp.

| Contract No. | Name of Work | Name Of Project | Bid Fee (Nrs) | Bid Security Amount (Nrs) | Estimate Cost (with VAT & PS) |
|---|---|---|---|---|---|
| 10/NCB/Boring/ 2081-82/WSSDO-SAPTARI | Drilling & Installation of 4" PVC Deep Tube well | Drilling & Installation of 4" PVC Deep Tube well in different Place of Saptari & Siraha | 3000.00 | 2,35,000.00 | 95,43,554.46 |

**Division Cheif**

जनकपुर टुडे
२०८१ साल चैत ०७ गते बिहीबार (20 March, Thursday, 2025)

# रुवान्डा र प्रजातान्त्रिक गणतन्त्र कङ्गोबीच आश्चर्यजनक युद्धविराम वार्ता

एएफपी

दोहा । अङ्गोलामा शान्ति वार्ता असफल भएको केही घण्टापछि रुवान्डा र प्रजातान्त्रिक गणतन्त्र कङ्गो (डिआरसी)) का राष्ट्रपतिहरूले कतारमा आश्चर्यजनक वार्ता गरेपछि युद्धविरामका लागि आफ्नो समर्थन व्यक्त गर्नुभएको छ ।रुवान्डाका राष्ट्रपति पल कागामे र डिआरसीका राष्ट्रपति फेलिक्स त्सेसेकेदीले मङ्गलबार कतारका अमिर शेख तमिम बिन हमाद अल थानीसँग भेटवार्ता गर्नुभएको थियो ।

रुवान्डा समर्थित एम२३ सशस्त्र समूहले यस वर्षको सुरुमा डिआरसीको खनिजले समृद्ध पूर्वी क्षेत्रमा आक्रमण गरी दुई प्रमुख सहर कब्जा गरेको थियो ।"राज्य प्रमुखहरूले गत महिना अफ्रिकी शिखर सम्मेलनमा सहमति आउने दिनहरूमा तयार गरिनेछ", कङ्गोली राष्ट्रपति कार्यालयको सञ्चार एकाइले पछि भनेको छ ।यसअघि मङ्गलबार अङ्गोलाले एम२३ समूहले अन्तिम समयमा फिर्ता लिएपछि शान्ति वार्ता रद्द भएको बताएको थियो ।

समूहले सोमबार विशेष गरी युरोपेली सङ्घ (इयु) ले लगाएको प्रतिबन्धलाई उल्लेख गर्दै 'केही अन्तर्राष्ट्रिय संस्था' लाई ' जानाजानी शान्ति प्रयासहरूलाई तोडफोड' गरेको आरोप लगाएको थियो । "लुआन्डामा छलफलको पूर्वसन्ध्यामा अपनाइएका प्रतिबन्धहरूसहित हाम्रा सदस्यहरूमाथि लगातार लगाइएको प्रतिबन्धहरूले प्रत्यक्ष संवादलाई गम्भीर रूपमा सम्झौता गर्दछ र कुनै पनि प्रगतिलाई रोक्छ", समूहले भन्यो । समूहले किन्सासाको 'युद्ध अभियान' को पनि निन्दा



गरिएअनुसार तत्काल र बिना शर्त युद्धविरामका लागि सबै पक्षको प्रतिबद्धता दोहोर्‍याउनुभयो", विज्ञप्तिमा भनिएको छ, "फलदायी बैठकले... प्रजातान्त्रिक गणतन्त्र कङ्गो र यस क्षेत्रको सुरक्षित र स्थिर भविष्यप्रति साझा प्रतिबद्धतामा विश्वास निर्माण गर्न मद्दत गर्‍यो ।"

मङ्गलबार राति रुवान्डाको राष्ट्रपति कार्यालयबाट जारी वक्तव्यले बैठक भएको पुष्टि गर्दै नेताहरूले 'पूर्वी डिआरसीमा द्वन्द्वका मूल कारणहरू' सम्बोधन गर्ने सबै पक्षसँग ' प्रत्यक्ष राजनीतिक संवाद' को तत्काल आवश्यकताबारे छलफल गरेको बताएको छ ।"राष्ट्रपति कागामेले सबै पक्ष मिलेर काम गर्दा सबै कुरा छिटो अगाडि बढ्न सक्ने विश्वास व्यक्त गर्नुभयो", विज्ञप्तिमा भनिएको छ ।

डिआरसीले पनि बैठकको पुष्टि गरेको छ । कङ्गोको राष्ट्रपति कार्यालय नजिकको स्रोतका अनुसार त्सिसेकेडी किन्शासा फर्कने विमानमा चढ्दासम्म यो बैठक 'गोप्य' राखिएको थियो । "डिआरसी र रुवान्डाबीच तत्काल र बिना शर्त युद्धविराम सहमति भएको छ", राष्ट्रपति कार्यालयले पछि बैठकको पुष्टि गर्दै प्रवक्ता टिना सलामाले एक्समा पोस्ट गर्नुभएको छ ।

"जे सहमति भएको छ त्यसको कार्यान्वयन विवरणहरू गर्दै भनेको छ, "यी अवस्थाहरूमा वार्ता गर्न असम्भव भएको छ । परिणामस्वरूप हाम्रो सङ्गठन छलफलमा भाग लिन सक्षम हुनेछैन ।"

इयुले पूर्वी प्रजातान्त्रिक गणतन्त्र कङ्गोमा सशस्त्र लडाकुहरू र यसका प्रमुख बर्ट्रान्ड बिसिम्वासहित एम२३ का वरिष्ठ सदस्यहरूलाई समर्थन गरेकोमा तीन रुवान्डाली सैन्य कमान्डर र यसको खनन एजेन्सी प्रमुखलाई प्रतिबन्ध लगाएको छ ।जनवरीदेखि कङ्गोली तुत्सीहरूको हितको रक्षा गर्ने दाबी गर्ने एम२३ ले गोमा र बुकाभुका प्रमुख सहरहरू अग्रिम गतिमा कब्जा गर्दा सात हजारभन्दा बढी मानिस मारिएका छन् ।एएफपीले स्वतन्त्र रूपमा तथ्याङ्क प्रमाणित गर्न सकेको छैन ।

संयुक्त राष्ट्रसङ्घका विज्ञहरूको एक प्रतिवेदनले किगालीले एम२३लाई प्रभावकारी रूपमा नियन्त्रण गरेको र यस क्षेत्रको सुन र कोल्टनजस्ता बहुमूल्य खनिजहरूको दोहन गर्न करिब चार हजार सैनिक तैनाथ गरेको बताएको छ ।रुवान्डाले एम२३ लाई सैन्य सहायता प्रदान गरेको कुरा अस्वीकार गरेको छ तर सन् १९९४ मा तुत्सीहरूको रुवान्डाली नरसंहारमा संलग्न जातीय हुतु नेताहरूले स्थापना गरेको एफडिएलआर समूहबाट डिआरसीको पूर्वमा खतरा रहेको बताएको छ ।रासस

# रुसले युद्धविराम अस्वीकार गरेको जेलेन्स्कीको आरोप

एएफपी

किएभ । युक्रेनले बुधबार रुसमाथि अमेरिका-समर्थित युद्धविराम प्रस्ताव प्रभावकारी रूपमा अस्वीकार गरेको आरोप लगाएको छ ।

युक्रेनले ऊर्जा ग्रिडमा आक्रमणहरू रोक्न मात्र सहमत भएको केही घण्टापछि मस्कोले नागरिक पूर्वाधारमा आक्रमणहरूको रिपोर्ट गर्दै उक्त आरोप लगाएको हो ।वासिङ्टनले तीन वर्ष पुरानो युद्धको व्यापक समाधानतर्फको पहिलो कदमका रूपमा पूर्ण ३० दिनको युद्धविरामका लागि दबाब दिइरहेको छ ।

तर मङ्गलबार अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँगको ९० मिनेटको कुराकानीमा रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले यस्तो कुनै सम्झौता पश्चिमले युक्रेनका लागि सबै सैन्य सहायता रोक्नेमा निर्भर रहने कुरामा जोड दिँदै अस्वीकार गर्नुभयो ।क्रेमलिनका अनुसार पुटिनले आफ्नो सेनालाई ३० दिनका लागि युक्रेनी ऊर्जा लक्ष्यहरू विरुद्धको आक्रमण रोक्न आदेश दिनुभएको छ ।बहुप्रतीक्षित पुटिन-ट्रम्प कुराकानीबाट रुस र युक्रेनले बुधबार प्रत्येक एक सय ७५ कैदी आदान-प्रदान गर्ने घोषणा पनि भयो ।

युक्रेनी राष्ट्रपति भोलोदिमर जेलेन्स्कीले प्रस्तावित ऊर्जा युद्धविरामलाई स्वागत गरे पनि वासिङ्टनबाट थप 'विवरण' चाहिएको पनि बताउनुभयो ।अमेरिकी राजदूत स्टिभ विटकफले आइतबार जेद्दामा युद्धविराम वार्ता फेरि सुरु हुने र अमेरिकी प्रतिनिधिमण्डलको नेतृत्व विदेशमन्त्री मार्को रुबियो र राष्ट्रिय सुरक्षा सल्लाहकार माइक वाल्ट्जले गर्ने बताउनुभएको छ ।मस्कोले युद्धभर युक्रेनको ऊर्जा पूर्वाधारमा विनाशकारी आक्रमणहरू



गरेको छ भने युक्रेनले धेरै रुसी तेल प्रतिष्ठानहरूमा बम विस्फोट गर्न ड्रोनहरू प्रयोग गरेको छ ।

ट्रम्प र पुटिनले कुरा गरेको केही घण्टापछि नै युक्रेनमा विस्फोटहरू भयो र हवाई आक्रमणको साइरनहरू बज्यो ।"सुमीको एक अस्पतालसहित विशेष गरी नागरिक पूर्वाधारमा आक्रमणहरू भएका छन्", जेलेन्स्कीले भन्नुभयो, "रुसले रातको समयमा गरेका यस्ता आक्रमणहरूले हाम्रो ऊर्जा क्षेत्र, हाम्रो पूर्वाधार र युक्रेनीहरूको सामान्य जीवनलाई ध्वस्त पार्छ, आज पुटिनले पूर्ण युद्धविरामको प्रस्तावलाई प्रभावकारी रूपमा अस्वीकार गर्नुभयो ।"

सीमापार रूसी आपत्कालीन सेवाका अधिकारीहरूले युक्रेनी ड्रोन आक्रमणको भग्नावशेषले काभकाज्स्काया गाउँको एक तेल डिपोमा आगो लागेको बताए ।किएभमा युद्ध-थकित युक्रेनीहरू कुनै पनि युद्धविरामको सम्भावनाबारे शङ्कालु थिए । "म पुटिनलाई बिल्कुल विश्वास गर्दिन, एउटा शब्द पनि । उहाँले केवल बल बुझ्नुहुन्छ", ३२ वर्षीय लेभ शोलोडकोले भन्नुभयो ।

### तयार छैन

पुटिनसँग आफ्नो 'समझदारी' रहेको भन्दै ट्रम्पले जनवरीमा ह्वाइट हाउस फर्केपछि युक्रेन युद्धमा सफलता खोज्दै आउनुभएको छ ।युद्ध अन्त्य गर्न रुससँग प्रत्यक्ष वार्ता सुरु गरेको घोषणा गरेर उहाँले संसारलाई आश्चर्यचकित पार्नुभएको छ । सहयोगीहरू बीच उहाँ धेरै मस्कोतर्फ मोडिरहनुभएको डर छ ।

ट्रम्पले पुटिनसँगको आफ्नो पछिल्लो कुराकानीलाई 'राम्रो र फलदायी' भनेर प्रशंसा गर्नुभयो र ह्वाइट हाउसले एक वक्तव्यमा रुसी राष्ट्रपति ऊर्जा पूर्वाधारमा ३० दिने युद्धविराममा सहमत हुनुभएको बताएको छ ।तर मस्कोले पूर्ण युद्धविराम युक्रेनको सङ्कटग्रस्त सेनालाई पश्चिमी सैन्य र गुप्तचर सहयोगको 'पूर्ण बन्द' का लागि लामो समयदेखिको मागहरूमा निर्भर रहेको पनि जोड दिएको छ ।क्रेमलिनले एक वक्तव्यमा किएभ कुनै पनि युद्धविरामको अवधिमा पुनः हतियार वा गोलाबारुद हासिल गर्न नसक्ने कुरामा पनि जोड दिएको छ ।

गत हप्ता साउदी अरबमा वार्ताका क्रममा पूर्ण युद्धविराम प्रस्ताव स्वीकार गर्ने जेलेन्स्कीले सम्झौतामा पुग्न रुसले नचाहेको भन्दै आलोचना गर्नुभएको छ ।"उनीहरू यो युद्ध समाप्त गर्न तयार छैनन् र हामी त्यो देख्न सक्छौँ", उहाँले भन्नुभयो ।गत वर्ष किएभले आंशिक रूपमा कब्जा गरेको क्षेत्रमा रुसी अग्रगमनको केही दिनपछि युक्रेनी सेनाले रुसको कुर्स्क क्षेत्रमा 'हामीलाई आवश्यक हुँदासम्म' लडाइँ जारी राख्ने पनि जेलेन्स्कीले बताउनुभयो ।

### हामीमाथि भरोसा गर्नुहोस्

रुसले मङ्गलबार युक्रेनी सेनाले बेलगोरोड क्षेत्रमा भूमि आक्रमणको प्रयास गरेको तर पछि धकेलिएको भन्दै यसलाई ट्रम्प वार्तालाई कमजोर पार्ने प्रयासका रूपमा व्याख्या गरेको छ । ट्रम्प युक्रेनमा युद्ध अन्त्य गर्ने चुनावी वाचा पुरा गर्न इच्छुक हुनुहुन्छ । उहाँले आफ्ना पूर्ववर्ती जो बाइडेनको रूसप्रतिको नीतिलाई युद्धलाई बढावा दिएको आरोप लगाउनुभएको छ ।

युक्रेनको दृढतापूर्वक समर्थन गर्ने वर्षौंको अमेरिकी नीतिलाई उल्टाउँदै ट्रम्पले एकदम फरक रणनीति अपनाउनुभएको छ । यो सबैभन्दा स्पष्ट रूपमा ओभल अफिसमा जेलेन्स्कीसँगको टेलिभिजनमा प्रसारित विवादमा देखिएको थियो ।पुटिन युद्धविरामका लागि तयार हुनुहुन्छ भन्ने कुरामा पश्चिमी सहयोगीहरू अझै पनि शङ्कालु छन् ।जर्मन चान्सलर ओलाफ स्कोल्ज र फ्रान्सेली राष्ट्रपति इमानुएल म्याक्रोनले क्रेमलिनको बयानपछि युक्रेनमा सैन्य सहायता पठाउने वाचा गर्नुभएको छ ।

"युक्रेनले हामीमाथि भरोसा गर्न सक्छ", स्कोल्जले भन्नुभयो ।वार्ताहरू चलिरहेका बेला युक्रेनको अग्रिम मोर्चामा रहेका सैनिकहरू पनि शङ्कास्पद रहेका छन् । "तपाईंमाथि आक्रमण गर्ने र बालबालिका सहित सर्वसाधारणको हत्या गर्ने मानिसहरूलाई तपाईं कसरी विश्वास गर्न सक्नुहुन्छ ?, लडाइँमा घाइते भएपछि डोनेट्स्क क्षेत्रमा सैन्य प्रशिक्षणमा फर्केका ३५ वर्षीय ओलेक्सान्डरले भन्नुभयो ।

# ट्रम्पसँग स्तब्ध इयु रक्षा प्रयासलाई गति दिन खोज्दै

एएफपी

ब्रसेल्स ।रुसको आक्रामक नीति र अमेरिकी सुरक्षा संरक्षणको सम्भावित नोक्सानीसँग जुधिरहेको युरोपेली सङ्घ (इयु) ले बुधबार सदस्य राष्ट्रहरूलाई उनीहरूको सुरक्षा बलियो बनाउन सहयोग गर्ने योजनाहरूमा काम गर्ने प्रयास गर्नेछ ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले नाटोमा वासिङ्टनको केन्द्रीय भूमिकामा शङ्का गर्दै र युक्रेनमा रुसप्रति पहल गर्दै युरोपलाई पुनः हतियार वृद्धि गर्ने आह्वानलाई तीव्र पार्नुभएको छ ।

इयुका २७ देशलाई खर्च बढाउने उपकरणहरू दिने प्रयासमा ब्रसेल्सले यस महिना आठ खर्ब युरो (आठ खर्ब ७५ अर्ब डलर) सम्म परिचालन गर्न सक्ने प्रस्तावहरूको मस्यौदा प्रस्तुत गरेको छ ।अ ब अधिकारीहरूले ती योजनाहरूको रुपरेखा बनाउँदै र सदस्य राष्ट्रहरूले प्रतिक्रिया जनाउनका लागि अर्को महिनादेखि सुरु हुने समय सीमा निर्धारण गरिरहेका छन् ।"यदि युरोप युद्धबाट बच्न चाहन्छ भने युरोप युद्धका लागि तयार हुनुपर्छ", युरोपेली आयोगका प्रमुख भोन डेर लेयनले मङ्गलबार भन्नुभयो, "सन् २०३० सम्म युरोपसँग बलियो युरोपेली रक्षा स्थिति हुनुपर्छ ।" यो योजनाले राज्यहरूलाई रक्षामा धेरै बढी खर्च गर्न अनुमति दिन ब्लकको वित्तीय



नियमहरू सजिलो बनाउने प्रस्ताव गरेको छ । यो यस्तो उपाय हो जसले आयोगका अनुसार चार वर्षमा छ खर्ब ५० अर्ब युरोसम्म खुला गर्न सक्छ ।

एएफपीले देखेको मस्यौदा अनुसार बुधबार प्रस्तुत गरिने श्वेतपत्रमा ब्रसेल्सले इयु देशहरूलाई अप्रिलसम्म त्यो प्रक्रिया सुरु गर्न आग्रह गर्ने तयारी गरेको थियो ।मस्यौदाले सदस्य राष्ट्रहरूलाई इयुको केन्द्रीय बजेटद्वारा समर्थित एक खर्ब ५० अर्ब युर ोसम्मको ऋण प्रदान गर्ने पहललाई 'आपत्कालीन मामिलाका रूपमा' स्वीकृत गर्नुपर्ने पनि बताएको छ ।तर केही इयु देशले ब्लकलाई कोभिड महामारीबाट पुनर्प्राप्ति गर्न पम्प गरेको त्यही विशाल नगद प्रवाहको आवश्यकता छ भन्ने तर्क गरे पनि कागजपत्रले संयुक्त उधारोको ठूलो कार्यक्रमको सिफारिस गर्नबाट टाढा रहन्छ ।

### कुनै ठूलो धमाका छैन

यस हप्ताको अन्त्यमा हुने इयु नेताहरूको शिखर सम्मेलनमा युरोपको रक्षा बलियो बनाउने कार्यसूची सबैभन्दा माथि राखिनेछ । एक महिनाभन्दा कम समयमा दोस्रो पटक उनीहरूले तत्कालै विषयलाई सम्बोधन गर्नेछन् ।

ब्रसेल्सका प्रस्तावहरू सरकारहरूद्वारा कार्यान्वयन गरिएका प्रयासहरूको एउटा अंश मात्र हुन् किनभने तिनीहरू संयुक्त राज्य अमेरिकाले अब उनीहरूको साथ नदिने सम्भावना छ भन्ने महसुससँग सहमत छन् ।

पोल्यान्ड र बाल्टिक राज्यहरूले पहिले नै आफ्नो खर्च कुल गार्हस्थ्य उत्पादन (जिडिपी) को दुई प्रतिशतको नाटो सीमाभन्दा धेरै बढाएका छन् ।

आर्थिक महाशक्ति जर्मनीका विधायकहरूले मङ्गलबार चान्सलर हुन लागेका फ्रेडरिक मेर्जले प्रस्ताव गरेको विशाल रक्षा र पूर्वाधार खर्च प्याकेजका लागि ठूलो कदम चालेका छन् ।इयुका एक कूटनीतिज्ञले श्वेतपत्रले ब्लकले सामना गर्ने चुनौतीको 'खतरा र अत्यावश्यकता' कब्जा गरेको तर कोष बढाउने तरिकाहरूमा धेरै टाढा जान नसकेको बताएका छन् । "समग्रमा कुनै ठूलो धमाका भएको छैन", कूटनीतिज्ञले भने ।

तर अरूले यदि प्रस्तावहरू केहीले आशा गरेको भन्दा कम भए पनि इयुले हालका हप्ताहरूमा रक्षाको सम्बन्धमा अपनाउने तरिकामा अझै क्रान्ति भएको छ भनी तर्क गरेका छन् ।

# माल्दिभ्सको समृद्धि र सुरक्षा भारतसँगको असल सम्बन्धमा निर्भर

एएफपी

नयाँदिल्ली । माल्दिभ्सका पूर्वराष्ट्रपति मोहम्मद नसिदले भारतको पर्यटन माल्दिभ्सको पर्यटन उद्योगको परिपूरक रहेको र माल्दिभ्सको समृद्धि, रक्षा र सुरक्षा भारतसँगको राम्रो सम्बन्धमा निर्भर रहेको बताउनुभएको छ ।

उहाँले माल्दिभ्स जाने भारतीय पर्यटकको सङ्ख्यामा कमी आएको स्वीकार्दै माल्दिभ्सका लागि भारत फेरि दोस्रो ठूलो गन्तव्य बनेको बताउनुभयो ।

भारतीय समाचार संस्था एएनआईसँगको अन्तवार्ताका क्रममा माल्दिभ्समा भारतीय पर्यटकको आगमनमा आएको कमीबारे सोधिएको प्रश्नमा नसिदले भन्नुभयो, "म भनिरहन्छु, हाम्रो समृद्धि, रक्षा र सुरक्षा भारतसँगको हाम्रो राम्रो सम्बन्धमा धेरै हदसम्म निर्भर छ । यसमा अर्को तत्व पनि छ । भारतको पर्यटन माल्दिभ्सको पर्यटन उद्योगको पूरक हो।"

उहाँले भन्नुभयो, "यदि श्रीलङ्कामा आउने पर्यटकको सङ्ख्यामा वृद्धि हुन्छ भने यसले माल्दिभ्सको पर्यटन वृद्धिमा समेत सकारात्मक प्रभाव पार्न सक्छ । त्यसैले यदि हामीले पर्यटन सङ्ख्यालाई बढायौँ भने यसले भारतको पर्यटन उद्योगलाई सहयोग पुर्‍याउन सक्छ र भारतले मिनिकोय टापुहरूलाई रिसोर्टको रूपमा विकास गर्‍यो भने यसले माल्दिभ्सलाई फाइदा पुर्‍याउँछ । दुई छिमेकीबीचको सम्बन्ध यहाँको पर्यटन उद्योगको विकासको पुरक हुनसक्छ ।



उहाँले भन्नुभयो, "मिनिकोय टापुहरूमा आउने आउने पर्यटकले माल्दिभ्सको बारेमा सुन्नेछ। तिनीहरू अर्को छुट्टीमा माल्दिभ्स आउनेछन् । कुनै पनि स्थानको जानकारीले त्यहाँको पर्यटनलाई टेवा पुर्‍याउन सक्छ अर्थात् भारतमा आएका पर्यटकले माल्दिभ्स र माल्दिभ्समा आएका पर्यटकले भारतको पर्यटनबारे अप्रत्यक्ष रूपमा जानकारी प्राप्त गर्छन् । त्यसैले मलाई लाग्छ पर्यटन दुई देशबीचको आपसी सम्बन्ध प्रगाढ बनाउने र पर्यटन विकासका लागि विशेष आधार हो ।"

उहाँले अगाडी भन्नुभयो, "पछिल्लो समय भारतबाट पर्यटक आगमनमा गिरावट आएको थियो, तर सौभाग्यवश अब यो बढ्नेछ । फेरि पनि, भारत हाम्रो दोस्रो ठूलो गन्तव्य हो । हामीले भारतसँग राम्रो सम्बन्ध राख्नुपर्छ र माल्दिभ्समा सबै भारतीयलाई स्वागत छ ।"

भारत र माल्दिभ्सबीच स्वतन्त्र व्यापार सम्झौता (एफटीए) को चर्चाका बीच माल्दिभ्समा चीनको प्रभावबारे उहाँले भन्नुभयो, "हामी चिनियाँ पर्यटक, भारतीय पर्यटक, युरोपेली पर्यटक र जताततैबाट आउने पर्यटकसहित सबै गन्तव्यबाट आउने पर्यटक चाहन्छौँ ।"भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको लक्षद्वीप भ्रमणलाई लिएर माल्दिभ्स सरकारका केही मन्त्रीले अपमानजनक टिप्पणी गरेपछि भारत र माल्दिभ्सबीच विवाद उत्पन्न भएको छ ।

माल्दिभ्सका उपमन्त्री, मन्त्रिपरिषद्का अन्य सदस्य र सरकारी अधिकारीहरूले प्रधानमन्त्री मोदीको लक्षद्वीप भ्रमणलाई अपमानजनक र अप्रिय रूपमा उल्लेख गरेका थिए। गत वर्षको जनवरी २ मा प्रधानमन्त्री मोदीले केन्द्र शासित प्रदेश लक्षद्वीपको भ्रमण गर्नुभएको थियो र स्नोर्कलिङमा हात हालेको 'आनन्ददायी अनुभव' सहित धेरै तस्वीरहरू सार्वजनिक गर्नुभएको थियो ।

मोदीले 'एक्स' मा सेतो समुद्र तट, प्राचीन नीलो आकाश र समुद्रको तस्वीर शेयर गर्दै एउटा सन्देशसहित उनीहरूलाई 'ट्याग' गर्नुभएको थियो जसमा लेखिएको छ, "ती मध्ये साहसीलाई अँगाल्न चाहनेहरूका लागि लक्षद्वीप तपाईंको सूचीमा हुनुपर्छ ।रासस

**Madhesh Province Government**

**Ministry of Physical Infrastructure Development**

**Infrastructure Development Directorate**

## Infrastructure Development Office

**Jaleshwar, Mahottari**

## Notice for the Letter of Intent

**(First Publication Date: 2081/12/07)**

Pursuant to Sub Clauses 27.2 and 27.3 of Public Procurement Act 2063, this is to notify all the bidders who submitted their bids for the contract identification No. mentioned below as per the Invitation for Bids published in the national daily newspaper " Himalay Times "on 2081/10/20, that the following listed Lowest Evaluated and Substantially Responsive Bidder has been selected to award the contract.

| Contract ID No. | Name of Work | Lowest Evaluated Substantially Responsive Bidder | Bid Price NRs. (Including P.S. and VAT) |
|---|---|---|---|
| IDOMAHOTTARI/ NCB/Works/14/081-82 | River training and other works for Bhutaha khola bridge along Lalgadh-Bhangha -Janakpur Road, Sitapur, Bhangaha Municipality, Mahottari | Kamakhya Construction, Kapleshwor-16,Dhanusha | 5418090.30 |
| IDOMAHOTTARI/ NCB/Works/15/081-82 | Construction of Nepal Bar Association Building ,Jaleshwar Municipality, Mahottari | Jalpa Devi Nirman Sewa, Yekdara-04, Mahottari | 3908784.27 |
| IDOMAHOTTARI/ NCB/Works/16/081-82 | Ekdara ga.pa. halkhori dekhi ekdara samma RCC dhalan/Ekdara ga. pa. 4 halkhori ko jabdi patti dekhi parsa samma naya road nirman/Ekdara 4 Halkhori ma hiraban baba ko saundaryakaran/Ekdara 4 chakwa dekhi parsa samma RCc dhalan | Amabuwa International Construction tatha General Order Supplier, Jaleshwar-2,Mahottari | 6322430.26 |
| IDOMAHOTTARI/ NCB/Works/17/081-82 | Construction of ward office Building, Pipra Rural Municipality 7, Mahottari | Sona Construction, Janakpur-21, Dhanusha | 1869751.22 |

**Chief Officer**

# कटहरका रुख सुकेपछि किसान चिन्तित



काभ्रेपलाञ्चोक । मण्डनदेउपुर नगरपालिकामा कटहरका रुख सुक्न थालेपछि किसान चिन्तित बनेका छन् । कटहरका लागि परिचित मण्डन क्षेत्रमा कटहरका रुख सुक्न थालेपछि किसानको आम्दानीमा असर परेको छ ।

विगत चार वर्षदेखि कटहरका बोट सुक्न सुरु गरेको यहाँका किसानको भनाइ छ । यस अवधिमा करिब एक हजार २०० कटहरका बोट सुकिसकेको स्थानीय ज्ञानमणि नेपालले बताउनुभयो । "चार वर्षदेखि कटहरका रुख सुक्न थालेपछि यहाँका किसान निकै चिन्तित देखिएका छन्, किसानहरु अहिले उपचार खोजिरहेका छन्", उहाँले भन्नुभयो । कटहर फल्ने मण्डनदेउपुरको ज्वानेटार, जोगीटार, कान्तिटार तथा माथिल्लो भेग श्रीचौर तथा ज्याम्दीलगायतमा रहेका सयौँको सङ्ख्यामा बोट सुकिसकेका छन् । यस भेगमा तरकारी खाद्यान्नसँगै कटहरलाई आम्दानीको गतिलो स्रोत मान्ने गरेका किसान अहिले निराश भएको नेपालको भनाइ छ । उहाँ भन्नुहुन्छ, "किन कटहरका रुख सुक्दै, मर्दै गए भन्नेमा किसान त अनविज्ञ छन् नै, कतैबाट सुक्नुका कारण पत्ता लागेको छैन, याममा एउटै बोटबाट रु १० हजारदेखि रु २५ हजारसम्म आम्दानी हुने गरेकोमा अहिले आम्दानी शून्य जस्तै भएको छ ।"

किसान पशुपति श्रेष्ठका बारी-कान्लामा केही वर्षअघिसम्म एक दर्जनभन्दा बढी कटहरका रुख थिए । जसमध्ये अहिले आठ वटा सुकिसकेको उहाँले बताउनुभयो । बर्सेनि रु ४० हजारको कटहर बेच्दै आउनुभएका उहाँले अहिले कटहर बेच्नै नपाउने अवस्थामा पुग्नुभएको छ । "अलिअलि फल्दैछन्, ती बाँकी बोट पनि कहिले सुक्ने हुन्, अब त रुख काटेर बाल्नुपर्ने अवस्था आउन थाल्यो", श्रेष्ठले भन्नुभयो ।

एउटै बोटमा तीन सयदेखि चार सय वटासम्म कटहर फल्ने गरेकामा अहिले एक सय ५० वटा फल्न पनि मुस्किल हुन थालेको छ । कटहरका रुखमात्र सुक्न थालेपछि किसानहरु यसबारे अध्ययन हुनुपर्नेमा माग गर्दै आएका छन् । यस क्षेत्रमा करिब दुई हजारको हाराहारीमा कटहरका रुख छन् । यो कृषि-विज्ञका लागि चुनौतीको विषय बनेको चण्डेनीमण्डनका सामाजिक अगुवा अध्यक्ष हरिप्रसाद नेपालको बुझाइ छ । "कृषि विज्ञको टोलीले अनुसन्धान गरिरहेका छन्, रुखको जरामा ढुसी परेकाले सुकेको भन्ने प्रारम्भिक प्रतिवेदन आएको सुनिएको छ", उहाँले भन्नुभयो । रासस


# मुआब्जा दिलाउने सहमतिपछि जलविद्युत् आयोजना पुन:सञ्चालनमा

**"जनता ठगीमा परेको विषयमा स्थानीय सरकारलाई जानकारी गराएका थियौँ । अहिलेसम्म कुनै सुनुवाइ भएको थिएन । सर्वपक्षीय भेलामा ३५ दिनभित्र मुआब्जा उपलब्ध गराउने सहमति भएपछि पुन:सञ्चालनका लागि सहमत भएका हौँ ।"**

खोटाङ । केपिलासगढी गाउँपालिकाका स्थानीयवासीले मुआब्जा माग गर्दै अवरुद्ध गराएको माथिल्लो रावाखोला जलविद्युत् आयोजना पुनः सञ्चालनमा आएको छ ।

निजी तथा सार्वजनिक सम्पत्ति संरक्षण सङ्घर्ष समितिको नेतृत्वमा स्थानीयवासीले जलविद्युत् आयोजना बन्द गराएपछि केपिलासगढी गाउँपालिकाका प्रमुख समिर राईको पहलमा मङ्गलबार बसेको सर्वपक्षीय भेलाले ३५ दिनभित्र जग्गाधनीलाई मुआब्जा उपलब्ध गराउने सहमति गरेसँगै अवरुद्ध जलविद्युत् आयोजना पुनः सञ्चालनमा ल्याइएको हो ।

लामो समयदेखि मुआब्जा नपाएको भन्दै चरणबद्ध आन्दोलनमा उत्रिएका स्थानीयवासीले सुङ्देल र दिप्सुङको सिमानामा रहेको रावाखोलाबाट उत्पादन गरिएको तीन मेगावाट क्षमताको माथिल्लो रावाखोला जलविद्युत् आयोजनाको ड्याम (बाँध)बाट यही चैत ४ गते सोमबार दिउँसो खोलातर्फ पानी फर्काएर विद्युत् उत्पादन बन्द गराएका थिए । राष्ट्रिय प्रशारण लाइनमा जडान गरिएको जलविद्युत् आयोजनाले जग्गाधनीलाई मुआब्जा नदिएपछि स्थानीयवासीले आयोजना नै बन्द गराएको हो ।



सर्वपक्षीय भेलामा जग्गाधनी र जलविद्युत् आयोजना सञ्चालकबीच भएको सहमति कार्यान्वयनका लागि स्थानीय रत्नबहादुर राईको संयोजकत्वमा सात सदस्यीय समन्वय समितिसमेत गठन गरिएको गाउँपालिका प्रमुख राईले जानकारी दिनुभयो ।रावाखोलामा रावा इनर्जी डेभलभमेन्ट कम्पनी लिमिटेड, हलेसी ऊर्जा कम्पनी लिमिटेड र लोवर मीड रावाखोला हाइड्रोइलोक्ट्रिक प्रोजेक्ट (आयोजना) ले फरक-फरक तीन वटा ठाउँमा जलविद्युत् आयोजना सञ्चालन गरेको छ । केपिलासगढी गाउँपालिका-४ बाक्सिला, सोही गाउँपालिकाको वडा नं.-६ दिप्सुङ र वडा नं.-७ सुङ्देलका स्थानीयले रावाखोलामा जलविद्युत् आयोजना सञ्चालन गर्ने तीन वटा जलविद्युत् कम्पनीबाट मुआब्जा नपाएको गुनासो गर्दै आएका छन् ।

जलविद्युत् आयोजनाको ट्रान्समिसन र पाइपलाइन विस्तारका क्रममा प्रयोग गरिएको जग्गाको मुआब्जा तथा क्षतिपूर्ति स्थानीयवासीले नपाएपछि चरणवद्ध आन्दोलन सुरु गरिएको सङ्घर्ष समितिका संयोजक माइतीराज राईले बताउनुभएको छ ।"रावाखोलामा सञ्चालित तीनवटै जलविद्युत् आयोजनाको कम्पनीले जग्गाधनीहरुलाई क्षतिपूर्ति दिएका छैनन्", उहाँले भन्नुभयो, "जनता ठगीमा परेको विषयमा स्थानीय सरकारलाई जानकारी गराएका थियौँ । अहिलेसम्म कुनै सुनुवाइ भएको थिएन । सर्वपक्षीय भेलामा ३५ दिनभित्र मुआब्जा उपलब्ध गराउने सहमति भएपछि पुनःसञ्चालनका लागि सहमत भएका हौँ ।"

निर्माणाधीन अवस्थामा रहेको हलेसी ऊर्जा कम्पनी लिमिटेड जलविद्युत् आयोजनाको ट्रान्समिसनलाइनले बाक्सिलाका ३८ जनासहित ४९ जनाको जग्गा प्रयोग गरेको छ । यस्तै, पाइपलाइन विस्तारका क्रममा सुङ्देलका २४ जना, बाक्सिलाका दुई जना र दिप्सुङका एक जनाको गरी ३८ कित्ता जग्गा प्रयोग गरिएको छ । रावा इनर्जी डेभलपमेन्ट प्रालिले विद्युतको काम सम्पन्न भएपछि मुआब्जा दिने भन्दै ट्रान्समिसनको काम गरेको तर, हालसम्म मुआब्जा नदिएको जग्गा धनीको गुनासो छ ।

रावा इनर्जी डेभलपमेन्ट प्रालिले विद्युत्को काम सकिएपछि सबै जग्गाधनीलाई क्षतिपूर्ति दिने र क्षति पुगेको जग्गा कम्पनीको नाममा सार्ने गरी पाइपलाइनको काम सुरु गरेको थियो । तर, हालसम्म सो सहमति कार्यान्वयन नभएको सङ्घर्ष समितिका संयोजक राईले बताउनुभएको छ । रावा इनर्जी डेभलपमेन्ट प्रालिले खोलामा १० प्रतिशत पानी नछाडेको सङ्घर्ष समितिले जनाएको छ । २.५ मेगावाट विद्युत् उत्पादनको तयारी गरेको हलेसी ऊर्जा कम्पनी लिमिटेडले सर्वोच्चको आदेश विपरीत कृष्णमायाँ खत्रीको जग्गामा पाइपलाइनको काम गरिरहेको पाइएको छ ।

निर्माणाधीन हलेसी ऊर्जा कम्पनी लिमिटेडले विद्युत् उत्पादनको प्रक्रिया पूरा नगरी छ कित्तामा रहेको ३८४ रोपनी सरकारी जग्गा प्रयोग गरेको सङ्घर्ष समितिले जनाएको छ । रासस

## तरकारी र फलफूलको थोक मूल्य

काठमाण्डु । कालिमाटी फलफूल तथा तरकारी बजार विकास समितिले आजका लागि कृषि उपजहरूको थोक मूल्य निर्धारण गरेको छ । समितिका अनुसार तरकारी र फलफूलको अधिकतम थोक मूल्य निर्धारण गरिएको हो ।

गोलभेँडा ठूलो (नेपाली) प्रतिकिलो रु २०, गोलभेँडा ठूलो (भारतीय) प्रतिकिलो रु ५०, गोलभेँडा सानो (तराई) प्रतिकिलो रु २२, आलु रातो प्रतिकिलो रु ३४, आलु रातो (भारतीय) प्रतिकिलो रु ३४, प्याज सुकेको (भारतीय) प्रतिकिलो रु ५५, गाजर (लोकल) प्रतिकिलो रु ४०, गाजर (तराई) प्रतिकिलो रु २५, बन्दा (लोकल) प्रतिकिलो रु १५, बन्दा (नरिवल) प्रतिकिलो रु २०, काउली (स्थानीय) प्रतिकिलो रु २०, स्थानीय काउली (ज्यापु) प्रतिकिलो रु २५, मूला रातो प्रतिकिलो रु ४०, मूला सेतो (लोकल) प्रतिकिलो रु २०, सेतो मूला (हाइब्रिड) प्रतिकिलो रु ३०, भन्टा लाम्चो प्रतिकिलो रु ४५ तथा भन्टा डल्लो प्रतिकिलो रु ४५ कायम गरिएको छ ।

यसैगरी, मटरकोसा प्रतिकिलो रु ५०, घिउ सिमी (लोकल) प्रतिकिलो रु ५०, घिउ सिमी (हाइब्रिड) प्रतिकिलो रु ५०, घिउ सिमी (राजमा) प्रतिकिलो रु ८०, टाटे सिमी प्रतिकिलो रु ७०, तिते करेला प्रतिकिलो रु १२०, लौका प्रतिकिलो रु ४०, परबर (लोकल) प्रतिकिलो रु १००, परबर (तराई) प्रतिकिलो रु १५०, घिरौला प्रतिकिलो रु ५०, झिगुनी प्रतिकिलो रु ७०, फर्सी पाकेको प्रतिकिलो रु ५०, फर्सी हरियो (लाम्चो) प्रतिकिलो रु २०, हरियो फर्सी (डल्लो) प्रतिकिलो रु २० तथा भिण्डी प्रतिकिलो रु ११० कायम गरिएको छ । रासस

# मकैका पाँच जात सिफारिस गर्ने तयारी

चितवन । राष्ट्रिय मकै बाली अनुसन्धान कार्यक्रम रामपुरले यहाँ विकास र परीक्षण गरेका पाँच जातको सिफारिस गर्ने तयारी गरेको छ । झन्डै १२ वर्षअघिदेखि मुलुकका विभिन्न स्थानमा परीक्षण गर्रिँदै आइएका जातहरूको सिफारिस गर्ने तयारी गरिएको हो ।

सिफारिस गर्न लागिएका जातहरूमा उन्नत जातमा बिजीबीवाइपिओपी र टिएलबीआरएसओ-७एफ१६ जात रहेको छ । अहिले परीक्षणका क्रममा रहेका र अब यसलाई सिफारिस गर्ने तयारी गरिएको कार्यक्रमका संयोजक तीर्थराज रिजालले जानकारी दिनुभयो । असारसम्ममा बीउबिजन गुणस्तर तथा नियन्त्रण केन्द्रमा सिफारिस गर्ने तयारी गरिएको छ । केन्द्रले अनुमोदन गरेर राष्ट्रिय बीउ नियन्त्रण केन्द्रमा पठाउँछ । त्यहाँ अनुमोदन भएपछि व्यावसायिक उत्पादनका लागि आउने रिजालले जानकारी दिनुभयो ।

यस कार्यक्रममार्फत नेपालमा अहिलेसम्म उन्नत जातका लागि ३१ वटा मकैका बीउका जात सिफारिस गरिएको छ । जुन नेपाली जनताले रुचाएका छन् । उच्च पहाडका लागि गणेश-१ र २, मध्यपहाडका लागि मनकामना-१, ३, ५, ७ र ९ जात सिफारिस गरिएको छ । यस्तै तराईका लागि रामपुर जातका मकै सिफारिस गरिएको उहाँले बताउनुभयो । अहिले सिफारिस गर्न लागिएका मकै तराई र मध्यपहाडी क्षेत्रका लागि उपयुक्त हुने छ ।

किसानलाई चाँडो पाक्ने खालका मकै पनि सिफारिस गरिएको छ । जसमा अरुण-१, २, ३, ४, ५, ६ जातका रहेका छन् । यी मकै लगाएको ८० देखि ९० दिनमा तयारी हुने गर्छन् । अन्य मकै एक सय २० देखि एक सय ५० दिनसम्म लाग्ने रिजालको भनाइ छ ।रासस

मधेश प्रदेश सरकार

उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय

## पर्यटन विकास कार्यालय

लहान, सिरहा

## बोलपत्र स्वीकृत गर्ने आशयको ७ दिने सुचना

(प्रथम पटक प्रकाशित मिति : २०८१/१२/०७)

उपरोक्त सम्बन्धमा यस कार्यालयद्वारा मिति २०८१/१०/२८ गते राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित निम्न बमोजिमका सिलबन्दी बोलपत्र आव्हान (e–bidding) सम्बन्धि सुचना तथा www.bolpatra.gov.np/egp मा समेत प्रकाशित सुचना अनुसार निर्धारित समय भित्र रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरु मध्ये सबै भन्दा कम मुल्यमा कबोल गर्ने सारभूतरुपमा प्रभावग्राही तपशिल बमोजिमको बोलपत्रदाताको बोलपत्र यस कार्यालयको मिति २०८१/१२/०६ गतेको निर्णय अनुसार स्वीकृतिको लागी छनौट गर्ने निर्णय गरिएकोले सार्वजनिक खरिद ऐन २०६३(संशोधन सहित) को दफा २७ को उप-दफा २ तथा दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागी बोलपत्र स्वीकृत गर्ने आशयको ७ दिने सुचना प्रकाशन गरिएको छ ।

तपशिल :

| सि. नं | ठेक्का नं | कामको विवरण | छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मु.अ.क र पि.एस बाहेक ) |
|---|---|---|---|---|
| १. | 12/NCB/ WORKS/ TDOSIRAHA/ 2081/82 | Establishment of Madhesh Start Up and Innovation Center, Establishment of Call Center to create jobs and provide services in the digital sector, Establishment of Provincial Space and Communication Research Center Rajbiraj-10, Saptari | DS Engineeering And Construction, Tokha-4 | ९८,६०,९७५.२०/- |

**कार्यालय प्रमुख**

मधेश प्रदेश सरकार

श्रम तथा यातायात मन्त्रालय

## यातायात व्यवस्था कार्यालय

जनकपुरधाम, धनुषा

## क्याटलग सपिङ्ग विधिबाट सवारी साधन खरिद सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८१/१२/०७)

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ को उपदफा १ खण्ड (क) को देहाय ८ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ (ख) बमोजिम सवारी साधन उत्पादन गर्ने सम्पनी वा त्यसको आधिकारीक बिक्रेता बीच मात्र प्रतिस्पर्धा गराई क्याटलग विधिबाट इलेक्ट्रिक सवारी साधन खरिद गर्नु पर्ने भएकोले ईजाजत प्राप्त उत्पादक कम्पनी वा त्यसको आधिकारीक विक्रेताहरुले आफ्नो फर्म दर्ता प्रमाणपत्र, एजेन्सी दर्ता प्रमाणपत्र र आ.व. २०८०/०८१ को कर चुक्ताको प्रतिलिपि समावेश गरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ (ख) को उपनियम २ अनुसार देहाय बमोजिमको सवारी साधनको उत्पादक वा आधिकारीक विक्रेताले स्पेशिफिकेसन, गुणस्तर, मूल्य र सुविधा सहितको वितरण क्याटलग वा ब्रोसर संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले ११ औं (एघार) दिन भित्र यस कार्यालयमा कार्यालय समय भित्र निवेदन दर्ता हुन सम्वन्धित उत्पादक वा आधिकारीक विक्रेतालाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । निवेदन दर्ता अन्तिम दिन सार्वजनिक विदा परेमा त्यस दिन पछिको कार्यालय खुल्ने दिन दर्ता हुने छ । थप जानकारीको लागि यस कार्यालयमा सम्पर्क गर्नु हुन अनुरोध छ ।

| S.N. | Description of Vehicles | Quantity |
|---|---|---|
| 1. | Electric Car/SUV, Right hand drive with synchronous motor Having capacity at least 70KW max$^{m}$ developing **Power** output at least 95 PS and max$^{m}$ **Torque** at least 160 Nm at rated rpm. **Battery** capacity at least o48 KWh having operating range 340 KM in one full charging **(WLTP)** certified. 80% of full charge should be done in not more than 60 minutes. max$^{m}$ charging time at charging station for full charge 7 to 8 hrs, at charging station ground clearance not less than 160 mm. Suspension strut torision or both automatic transmission system with front disc brake and rear disc or drum break. Top speed not less than 150 kmph. automatic air conditioning equipped with digital display LED lights. ABS, EBD with all necessary indicators and gauges. The tyre size minimum 16 inch radial tubeless tyre with alloy wheels. A new brand MFD not less than 2024. Seating capacity 5 persons including driver with 5 doors having bot space not less than 300 Ltres. Minimum 1 Year warranty after acceptance on vehicle as well as minimum 5 years or 150000 Km in warranty on battery. | 1 (One) |

**नोट**: १. संक्षिप्त विवरणमा उल्लेख नभएका अन्य कुराहरु स्वीकृत Specification बमोजिम हुनेछ ।
२. पेश हुन आएका प्रस्तावहरु मिति २०८१/१२/१७ दिउँसो १२ बजे खोलिनेछ ।
३. सो दिन सार्वजनिक बिदा परेमा त्यसको भोलि पल्ट खोलिने छ ।

## Balwa Municipality

## Office of The Municipal Executive

Balwa, Mahottari

## Invitation For Bids

**1st Date of publication: 2081/12/07 (March 20, 2025)**

Balwa Municipality Office of the Municipal executive Balwa, Mahottari invites electronic bids from eligible bidders for the Construction of the works given in the table below under NCB Single Stage one Envelope Procedure.

**Details of Works**

| S. No. | Contract Identification No. | Description of Works | Estimated amount without Vat & contingency | Price of Bid Document | Bid Security Amount |
|---|---|---|---|---|---|
| 1 | Balwa.mun/ W/NCB/ 02/2081-82 | सिंचाईको लागि बोरिंग जडान कार्य वडा नं.१ देखि ११ सम्म | Nrs.8356617.15 | Nrs.3000.00 | Nrs.240000/- |
| 2 | Balwa.mun/ W/NCB/ 02/2080-81 | टिकुलिया बजारदेखि बनौटा सम्म सडक मर्मत तथा ग्रेभल कार्य ch.1+700 to 2+250 | Nrs.1871312.66 | Nrs.3000.00 | Nrs.55000/- |

Elligible Bidders may obtain further information from Balwa Municipality, Balwa, Mahottari and PPMO web portal: www.bolpatra.gov.np/egp

**Chief Administrative officer**

# इगो विवादमा 'चारकिल्ला'




**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर-३ का वडाध्यक्ष दिपेन्द्र साह र महेन्द्र मेडिकल प्रालिका सञ्चालक मनोज कुमार साह बीच मापदण्ड बिपरीत भवन निर्माणको विषयमा विवाद चर्किएको छ। वडाध्यक्ष साहले महेन्द्र मेडिकलको नवनिर्मित भवनलाई मापदण्ड बिपरीत रहेको आरोप लगाउँदै जनकपुरधाम उपमहानगरपालिकामा मुद्दा दायर गरेको बताएका छन्।

वडाध्यक्ष साहका अनुसार महेन्द्र मेडिकलको भवनको निर्माण नक्सा बमोजिम भएको छैन । ५ फिट सेट ब्याक छोड्ने स्थानमा सिढि निर्माण गरिएको भन्दै उनले उपमहानगरपालिकामा मुद्दा दायर गरिएको जानकारी दिएका छन् ।उनले थपे, 'मापदण्ड बिपरीत निर्माण गरिएको भवनको विषयमा न्यायिक समितिले दिएको फैसला चित्तबुझ्दो छैन । त्यसैले हामी न्यायालयसम्म जाने योजना बनाएका छौं ।'

साहले भवनको निर्माण कार्यमा मापदण्डको उल्लंघन मात्र नभइ महेन्द्र मेडिकलको सञ्चालक मनोज कुमार साहले ४० फिटभन्दा बढी उचाइको घर बनाएको दाबी पनि गरे। उनले वडाको जनसमुदायको बैठकमा यो मुद्दालाई गम्भीरताका साथ लिइएको र मापदण्ड बिपरित कुनै पनि निर्माण कार्य नगर्न चाहिने निर्णय गरेको पनि जानकारी दिए ।वडाध्यक्ष साहले पत्रकार सम्मेलनमा जनकपुरधाम उपमहानगरपालिकाले मापदण्ड बिपरीत निर्माण कार्यको छानबिन गर्न समिति बनाएको उल्लेख गरे । छानबिन समितिले दिएको प्रतिवेदनको आधारमा आवश्यक कारबाही गरिने उनले प्रतिबद्धता व्यक्त गरे।

महेन्द्र मेडिकल प्रालिको नाममा दर्ता रहेको वडा नम्बर-३ स्थित सिट नम्बर १३९५-०५ र १३५५-२५ को कित्ता नम्बर ६६ र २२६ को ०-०-०-२.५ र ०-०-१०३ जग्गा २०८० चैत ७ गते नक्सा पास गरेविपरीत घर निर्माण र सेट ब्याक ५ फिट नछाडेर निर्माण गरिरहेको भन्दै वडा कार्यालयले मुद्दा दिएको थियो ।साहले भवनको निर्माणको लागि पास गरिएको नक्सा समेत बिपरीत रहेको दाबी गरे। २०८० चैत ७ गते नक्सा पास गरेपछि भवनको निर्माण कार्य ५ फिट सेट ब्याक नछोडी अगाडि बढाइएको र त्यसले २०८१/०८२ को योजनामा विनियोजित १५ लाख रुपैयाँको निर्माण योजनामा समेत अवरोध पुर्याउने अध्यक्ष साहले भने।

यसैबीच, महेन्द्र मेडिकलका सञ्चालक मनोज कुमार साहले वडाध्यक्ष साहसँग आफूले घरको चारकिल्ला प्रमाणित गर्न आग्रह गर्दा साहले आफूसँग व्यक्तिगत रिसिइबी साधेको आरोप लगाए ।मनोज कुमार साह जनकपुरधाम उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्षसमेत हुन् ।

उनले पत्रकार सम्मेलनमार्फत वडाध्यक्ष साहलाई चेतावनी दिँदै भने, 'मैले निर्माण गरेको घर मापदण्ड विपरीत छैन। यसका लागि वडाध्यक्ष साहलाई चारकिल्ला प्रमाणित गरिदिन आग्रह गरेको हुँ ।' उनले थपे, 'वडाध्यक्ष साहले आफ्नै वडा नम्बर-२ मा मापदण्ड बिपरीत घर निर्माण गरेको र नक्सा पास नगरी निर्माण गरेको कुरा लुकाउन खोजेका छन् ।'मनोज कुमार साहले भोलिका दिनमा उक्त सडक ४ मिटर बनाउने तयारी गर्दा आवश्यकता परेको खण्डमा सेड ब्याकलाई तोड्न तयार रहेको बताए।

## शिलान्यास गर्न गएका भौतिक मन्त्रीको गाडीमा ढुंगामुढा

# उपभोक्ता समिति गठनबाट स्थानीय आक्रोशित, ठेकेदार तनावमा

**नेता मण्डलले ठेकदार आफैले लगानी गरी मन्त्रीसित योजना खरिद गर्नेदेखि उपभोक्ता समितिमा अग्रीम लगानी गरेको बताउँदै काम गर्न जोड गरेपछि टिपरको शिशा फुटाइएको बताए । शिलान्यास भए पनि निर्माण कार्य अवरुद्ध भएको छ ।**

**टुडे समाचारदाता**

जलेश्वर । महोत्तरी जिल्लाको रामगोपालपुर नगरपालिकाको वडा नम्बर ८ स्थित टिकुलियादेखि सुसौलासम्मको सडक स्तरोन्नतीको शिलान्यास गर्न पुगेका मधेश प्रदेशका भौतिक पूर्वाधार विकास मन्त्री सरोजकुमार यादवको गाडीमा ढुंगामुढा गरिएको छ।

स्थानीयको सहभागिता बिना नै उपभोक्ता समिति गठन गरी ठेकदारमार्फत सडक स्तरोन्नतीको कार्य गराउन लागेको भन्दै स्थानीय वासिन्दाहरुले सडक शिलान्यासमा अवरोध खडा गरेका थिए। बुधवार बिहान शिलान्यास गर्न दलबलसहित पुगेका मन्त्री यादव शिलान्यास कार्यलाई केही मिनेटमै सकेर भागेको स्थानीय वासिन्दाहरुले आरोप लगाएका छन्।



५० लाख रुपैयाँको योजना रहेको सो सडक निर्माण कार्य अवरुद्ध भएको छ। नेकपा माओवादी केन्द्रका नेताहरुले अर्थमन्त्री भरतप्रसाद साह रहेको बेला आफूहरुले योजना राख्न लगाएको दाबी गर्दै मन्त्री यादवले सो योजना बेचेको आरोप लगाएका छन्।

करिब पौने तीन सय मिटर सडकमा ढलान गर्ने कार्यक्रम रहेको सहायक इञ्जिनियर सञ्जीव साहले जनाएका छन्। सो बजेट पचास लाख रुपैयाँ राखिए पनि इस्टिमेटबारे यकिन नभएको उनले बताए।

शिलान्यास कार्यक्रम हुनु अगावैदेखि तनाव बनेको थियो। भारी संख्यामा नेपाल प्रहरी र सशस्त्र प्रहरी परिचालन गरिएको थियो। अत्यन्त तनावपूर्ण स्थिति रहे पनि उच्च सुरक्षा सतर्कता अपनाइएकोले कुनै अप्रिय घटना नभएको जिल्ला प्रहरी कार्यालय महोत्तरीका निमित्त प्रमुख डीएसपी सन्तु जयसवारले जनाएका छन्। 'मन्त्रीज्यूले शिलान्यास गरी फर्किसक्नु भएको छ' उनले भने, समान्य झडप भए पनि त्यसबाट कसैलाई चोटपटक लागेको छैन।

कार्यक्रम स्थलमा प्रहरीको बाक्लो उपस्थिति रहेकाले विरोध गर्नेहरु कार्यक्रम स्थलसम्म पुग्न नपाएको उनको कथन छ।

मन्त्री यादवले पनि शान्तिपूर्ण ढंगले स्थानीय वासिन्दाहरुको उपस्थितिमा शिलान्यास सम्पन्न भएको दाबी गरेका छन्। निर्धारित समय भित्रै सडक स्तरोन्नतीको काम पूरा हुने उनले बताए।

तर प्रत्यक्षदर्शीहरुले मन्त्रीको गाडीमाथि समेत ढुंगामुढा प्रहार गरिएको जनाएका छन् । मन्त्रीको गाडीभन्दा चौथो नम्बरमा रहेको स्कोरपियो जिपको शिशा फुटेको संविधानसभा सदस्य समेत रहेका माओवादी केन्द्रका नेता लालेन्द्र मण्डलले जनाएका छन्।

निर्माण सामग्री लिएर सडकमा आउँदै गरेको टिपरको स्थानीय वासिन्दाहरुले शिशा फुटाएको प्रहरीले समेत पुष्टि गरेको छ। सो योजना साढे ७ लाख रुपैयाँ अग्रीम बुझाएर खरिद गरिएको र उपभोक्ता समिति बनाउन समेत लगानी भएको ठेकदारले दाबी गरेका छन्।

नेता मण्डलले ठेकदार आफैले लगानी गरी मन्त्रीसित योजना खरिद गर्नेदेखि उपभोक्ता समितिमा अग्रीम लगानी गरेको बताउँदै काम गर्न जोड गरेपछि टिपरको शिशा फुटाइएको बताए। शिलान्यास भए पनि निर्माण कार्य अवरुद्ध भएको छ।

त्यहाँ वडा नम्बर ८ का वडाध्यक्षले उपभोक्ता समिति गठन गर्न अस्वीकार गरेपछि पालिकाबाट नै सोझै उपभोक्ता समिति गठन गरिएको मण्डलले जनाएका छन्। उपभोक्ता समिति गठन गर्ने प्रक्रिया अनुसार वडा कार्यालयले स्थानीयहरुलाई सार्वजनिक सुचना गरी भेला बोलाएर उपभोक्ता समिति गठन गर्नुपर्ने हो।

जिल्ला पूर्वाधार विकास कार्यालयबाट सोझै वडा कार्यालयमा उपभोक्ता समिति गठन गर्न पत्राचार हुनुपर्नेमा मन्त्री यादवले कार्यालय प्रमुखको दस्तखत गराएर कार्यादेश आफैले १० प्रतिशत अग्रीम रकम लिएर दलाल मार्फत बेचेको आरोप लागेको छ।

पूर्वाधार विकास कार्यालय महोत्तरीले वडा कार्यालयमा उपभोक्ता समिति गठन गर्न सोझै पत्राचार नगरेको कारण १५ दिन पूर्व लगाइएको ताला खोलिएको छ। तर कार्यालय प्रमुख राजेश लाल कर्णले कागजातहरु झोलामै राखेर बाहिरबाट काम गरिरहेको आरोप छ।

कार्यालयको ताला खोलिए पनि कर्मचारीहरुमा त्रास छ। प्राविधिकहरुले मन्त्रीको जनकपुरधामस्थित सरकारी निवास र कर्मचारीहरुले बर्दिवासलगायतका गोप्य स्थानहरुबाट काम गरिरहेको आरोप लगाइएको छ। बिक्री भएका योजनाहरुको कार्यान्वयन सहज नभएको नेता मण्डलले बताए।

लाभान्वित हुने उपभोक्ताहरुलाई जानकारी नै नदिइ ठेकदारमार्फत उपभोक्ता समिति गठन गराउँदा स्थानीयमा मन्त्री यादवप्रति आक्रोश छ।

मन्त्री यादवले एमालेकै युवा नेताहरुले राख्न लगाएको योजनाहरु बिक्री गरेको आरोप लगाइएको छ। मधेश प्रदेशको आठ वटै जिल्लामा भौतिक पूर्वाधार विकास मन्त्रालयको योजनाहरु बिक्री गरिएको छ।

यसैबीच नेकपा एमाले धनुषाको लक्ष्मीनिया गाउँपालिकाको वडा नम्बर ५ का नेकपा एमालेका एकजना युवा नेताले राखेको योजना जनकपुरधाम उपमहानगरपालिकाको वडा नम्बर १९ का एक ठेकदारले किनेका छन्।

वडा नम्बर ५ का वडाध्यक्ष पनि एमालेबाट निर्वाचित छन्। वडाध्यक्ष दुखरण यादवले मन्त्रीलाई नै मुआब्जा बुझाएर उपभोक्ता समिति बनाउन मानिस आएपछि आफूले थाहा पाएको बताए। तर ठेकदार दोस्रो पटक नआएको उनले बताएका छन्।

अत्यन्त सक्रिय र राम्रो प्रभाव भएका युवा नेताको आफ्नै दलका मन्त्रीले योजना बिक्री गरेपछि आक्रोश बढेको छ। उनले बाहिरका मानिसले योजना किनेर काम गर्न नसक्ने दाबी गरेका छन्।

# जनतासँग माओवादी जागरण अभियान आजदेखि पुनः शुरु

**टुडे समाचारदाता**

जनकपुरधाम । नेकपा माओवादी केन्द्रको 'जनतासँग माओवादी तराई मधेश जागरण' हुलाकी राजमार्ग केन्द्रित अभियान रौतहटमा पुग्ने बित्तिकै फागुन २४ एकाएक स्थगित गरिएको थियो। त्यही समयको सेरोफेरोमा राजावादी काठमाण्डु, वीरगञ्जलगायत शहरमा प्रदर्शन गरिरहेका थिए।




झापादेखि कञ्चनपुरसम्म १ हजार ८ सय ४० किलोमिटरभन्दा लामो हुलाकी राजमार्गको यात्रा गर्ने बताएको माओवादीले उपलब्ध पदाधिकारी बैठकबाट रौतहटमा स्थगित गर्ने निर्णय गरेको थियो।

स्थगित भएको अभियान बिहीबार बिहानदेखि बाराबाट पुनः शुरु हुँदैछ। त्यसका लागि माओवादीका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डलगायत वरिष्ठ नेताहरू बारामा पुगेका छन्। माओवादीले अभियान स्थगित गर्नुको मुख्य तीन कारण देखाएको थियो- संसद्मा प्रमुख प्रतिपक्षको भूमिका बढाउने, स्वविवु निर्वाचनमा केन्द्रितहुने, संघीयता र गणतन्त्रको पक्षमा प्रदर्शन गर्ने रहेको थियो।

फागुन २७ मा प्रचण्डले आफ्नो तराई-मधेश जागरण अभियानमा सरकारले जनसेवाका कारण राम्रो गर्न नसक्दा चरम असन्तुष्टि भएको भन्दै सरकारले 'बिचौलिया' ले चलाएको आरोप समेत लगाएका थिए।

संसद्मा सम्बोधन गरेपछि प्रचण्ड केही दिन आराम गरेपछि मधेश झरेका हुन्। माओवादीले अब हुने अभियानको ढाँचा परिवर्तन गरेको छ । यसअघि प्रचण्ड बिहानैदेखि बेलुकासम्म घरदैलो र सभामा केन्द्रित हुन्थे भने अब बिहानी हिडाइँमा अन्तरक्रिया र स्थानीय जनप्रतिनिधि, व्यवसायीसँग अन्तरक्रिया र सभालाई सम्बोधन गर्ने कार्यक्रम रहेको जनाइएको छ।

नेकपा माओवादी केन्द्रका उपमहासचिव मातृकाप्रसाद यादवले बाराबाट जागरण अभियनको ढाँचा परिवर्तन हुने बताएका छन् । नेता यादवले भने, 'अब अलि गुणात्मक ढंगले कार्यक्रमको ढाँचा परिवर्तन गरिएको छ । यसअघिको अभियानमा अध्यक्ष प्रचण्ड सबभन्दा बढी खट्दा समय धैरै खर्च भएको थियो। अबचाहिँ सबै नेता ठाउँ-ठाउँ केन्द्रित हुने कार्यक्रम छ,' उनले भने, ' अब अध्यक्षलगायत नेताहरूले जनतासँग अन्तरक्रिया गर्नुपर्ने छ।'

**माओवादीले अब हुने अभियानको ढाँचा परिवर्तन गरेको छ । यसअघि प्रचण्ड बिहानैदेखि बेलुकासम्म घरदैलो र सभामा केन्द्रित हुन्थे भने अब बिहानी हिडाइँमा अन्तरक्रिया र स्थानीय जनप्रतिनिधि, व्यवसायीसँग अन्तरक्रिया र सभालाई सम्बोधन गर्ने कार्यक्रम रहेको जनाइएको छ ।**

मधेशका बारा र पर्सा सकेर बागमतीको चितवनमा अभियान चितवन आएर केही दिनका लागि रोक्ने तयारी रहेको जनाइएको छ। अभियान रोकेर प्रचण्डसहित शीर्ष नेताहरू काठमाण्डु फर्केर संसद् र अन्य कार्यक्रममा केन्द्रित हुने योजना रहको छ । 'जागरण अभियान र संसद्लाई उत्तिकै प्राथमिकतामा राखेर कार्यक्रम गर्ने सल्लाह भएको छ,' नेता यादवले भने, ' हामी पूर्ण रूपमा अभियानमा लाग्दा काठमाण्डुमा हस्तक्षेप नपुग्ने रहेछ।'

फागुन १२ गतेदेखि झापाको कचनकवलबाट शुरु भएको राजनीतिक अभियान चैत तेस्रो साता सक्ने माओवादीको तयारी छ। माओवादी उपाध्यक्ष तथा प्रवक्ता अग्नि सापकोटाले राजनीतिक अभियानसँग संसद् र अरु केन्द्रीय कामलाई सँगसँगै लगिने बताए । 'अब गुणात्मक खालका कार्यक्रम बनाएर जान्छौं। बारा, पर्सा र चितवनको अभियान सकेर । केन्द्रीय काम (संसद् र अन्य) गर्न काठमाडौं फर्कन्छौं,' उनले भने, 'समाजवादी मोर्चाले काठमाडौंमा गर्ने चैत १५ को प्रदर्शनपछि फेरि जागरण अभियान शुरु हुन्छ।'

प्रचण्ड काठमाण्डु फर्केर समाजवादी मोर्चालाई क्रियाशील गराए । मोर्चाले पूर्वआयुक्त, कानुनविद्, पूर्वराजदूत, नागरिक समाजका प्रतिनिधिसँग अन्तरक्रिया गरी सुझाव संकलन गरेको छ । उनीहरूले संघीय गणतन्त्रको रक्षा गर्न राजनीतिक दल सच्चिन सुझाव दिएका थिए । संघीय लोकतन्त्र ल्याउन भूमिका खेलेका दल पटक-पटक सरकारमा गए पनि आममानिसको जीवनस्तरमा सकरात्मक प्रभाव पार्न चुकेका कारण निराशा र आक्रोश बढ्दै गएकाले दलहरू नसच्चिए सकिने टिप्पणी गरेका थिए । उनीहरूले राजनीतिक दलकै कारण राजावादीका गतिविधि बढ्दै गएको उल्लेख गर्दै त्यसको प्रतिक्रिया दिनुभन्दा सरकार र बाहिर रहे पनि जनताको विश्वास जित्नुपर्ने बताए।

माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, नेपाल समाजवादी पार्टी र नेपाल कम्युनिस्ट पार्टीको साझा मोर्चाले चैत १५ मा काठमाण्डुमा प्रदर्शन गर्ने निर्णय गरेको थियो । सो मोर्चाले संघीयता र गणतन्त्रविरुद्ध हुने गतिविधिको प्रतिवाद गर्ने निर्णय गरेका छ।

क्षयरोगबाट बचौं र बचाऔं

- लगातार खोकी लाग्ने,
- खोकीमा रगत आउने,
- तौल घट्ने,
- फोक्सो दुख्ने वा असजिलो महसुस हुने जस्ता लक्षण क्षयरोगका लक्षण हुन सक्छन्।

क्षयरोगबाट बच्न:

- धुम्रपान तथा मद्यपान नगरौं,
- धुवाँ धुलोमा नबसौं,
- खोक्दा हाछ्युँ गर्दा रुमालले नाकमुख छोपौं,
- बालबालिकालाई निश्चित समयमा बीसीजी खोप लगाऔं,
- क्षयरोग लागेका व्यक्तिभन्दा टाढै बसौं र रोगीको जुठो नखाऔं,
- क्षयरोगको शंकालागेमा चिकित्सकको सल्लाह लिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# नक्कली बुवा बनेर नागरिकता दिलाउने व्यक्ति पक्राउ

**टुडे समाचारदाता**

लहान । नक्कली बुवा बनेर भारतीय नागरिकलाई नागरिकता दिलाउने व्यक्तिलाई सिरहा प्रहरीले पक्राउ गरेको छ। सिरहाको नरहा गाउँपालिका-३ स्थित खोरियाका अमानत मियाँलाई प्रहरीले पक्राउ गरेको छ।

आरोपित मियाँलाई घरबाटै पक्राउ गरिएको सिरहाका प्रहरी प्रमुख प्रहरी उपरीक्षक रमेश पण्डितले जानकारी दिए। सिरहा जिल्ला अदालतबाट बुधबार म्याद लिएर उनीमाथि विस्तृत



अनुसन्धान थालिएको छ।

नरहा गाउँपालिका-३ को वडा कार्यालयको सिफारिसमा जिल्ला प्रशासन कार्यालय सिरहाले भारतीय नागरिक मोसताक मियाँलाई २०८० असार २६ गते नेपाली नागरिकता दिएको थियो । अमानत मियाँ र उनकी पत्नी रजिना खातुन नक्कली बुबा आमा बनेर उनलाई नागरिकता दिलाएका थिए।

नागरिकताका लागि वडाध्यक्ष रुषतम अन्सारी र वडा सचिव रामदेव मण्डलले सिफारिस दिएका थिए । वडाध्यक्ष, सचिव र जिल्ला प्रशासनका कर्मचारीले २ लाख भारु घुस लिएर नागरिकता दिलाएको भन्दै जिल्ला प्रशासनदेखि अख्तियार दुरुपयोग अनुसन्धान आयोग र गृह मन्त्रालयसम्म उजुरीसमेत परेको थियो।

WE ARE HIRING

FOR CLASS I TO V
1. English
2. Nepali
3. Math
4. Science
5. Social

FOR CLASS VI TO XI
1. English
2. Math
3. Science (PCM)
4. Business Studies
5. Account
6. Economics

MOTHER TERESA PUBLIC SCHOOL
SINCE : 2050
JANAKPURDHAM

Qualification
- B.ed in Related Subject for Class I to V.
- M.ed in Related Subject for Class VI to XI.

Note: Fluency in English (must for all teaching post.)

Application Deadline
20, chaitra 2081
contact us
+977 9826111690

Submit your CV or Portfolio at school premises with
Application Fee: RS.100
selection will be based on written, demo and interview

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८